महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

फाकफोकथुम गाउँपालिका, इलाम

८०१०३५०२३००

फाकफोकथुम गाउँपालिका , इलाम

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-६-२१

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
फाकफोकथुम गाउँपालिका, इलाम ,
फाकफोकथुम गाउँपालिका , इलाम

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजश्व/धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।१० मा छलफल पश्चात तयार गरिएको पाना ७१ को प्रारम्भिक प्रतिवेदन यसै साथ छ ।
कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा (३७)१ बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराईने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

पदम बहादुर बस्नेत
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरवार काठमाडौं ।,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम ।,
ilam.dtco@fcgo.gov.np

परिचय

१ **परिचय :**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस फाकफोकथुम गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १०८.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २१ हजार ६ सय १९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१३ देखि २०८०।५।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. २३४६९१९.४२, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.

२३४६९१९.४२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४५७५३९५३ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	बिवरण	रकम रु.
१	अनुदान फिर्ता	४३७८८०००
२	सामाजिक सुरक्षा फिर्ता	१७५१९७१
३	सामाजिक सुरक्षा फिर्ता	१४९०६४
४	सामाजिक सुरक्षा फिर्ता	६३९६०
५	राजश्व दाखिला	९५८
	जम्मा	४५७५३९५३

३ स्थानीय संचित कोष:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम फाकफोकथुम गाउँपालिका, गाउँकार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

एकीकृत आर्थिक विवरण २0७९/८०

आयतर्फ				व्ययतर्फ			
सि.नं	विवरण	रकम	रकम	सि.नं	विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४६२६७२०३.९४	१	**चालु खर्च**		३९३०७१४६४.४६
	क) नगद	०					
	ख) बैंक	४६२६७२०३.९४		२	**पूँजीगत खर्च**		११५६०१२७०.१८
२	**राजस्व (आन्तरिक आय)**		७९६३५६६३.३१	३	**वित्तिय व्यवस्था** भुक्तानी		०
	क) आन्तरिक राजस्व	५८७२३३९.९८			क) ऋण भुक्तानी		
	ख) राजस्व बाँडफाँड	६९४२१६०५.८४			ख) ब्याज भुक्तानी		
	ग) अन्य आय	४३४१७१७.४९			ग) अन्य भुक्तानी		
३	**वित्तिय हस्तान्तरण** संघ		३८७३०८५००.	४	**लगानी**		
	क) वित्तिय समानीकरण अनुदान	९९८०७५००.			ऋण लगानी		
	ख) सशर्त अनुदान	२८३५०१०००.			शेयर लगानी		
	ग) समपूरक अनुदान	४००००००.			अन्य लगानी		
	घ) विशेष अनुदान						
				५	**धरौटी खर्च**		१२३४०७३.
४	**प्रदेश सरकारबाट** प्राप्त अनुदान		१९२७३०००.		फिर्ता		
	क) वित्तिय समानीकरण	५०८९०००.			सदरस्याहा		

	अनुदान						
	ख) सशर्त अनुदान	४१८४०००.					
	ग) समपूरक अनुदान	१००००००००.		६	**अन्तर सरकारी** **अख्तियारी**		११३१३३१९९.२१
	घ) विशेष अनुदान				क) सामाजिक सुरक्षा	८६८७५१९९.२१	
					ख) राष्ट्रपति महिला उत्थान कार्यक्रम	२५८०००.	
५	**अन्तर स्थानीय तहबाट** प्राप्त		०		ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६००००००.	
६	**अन्तर सरकारी** **अख्तियारी**		११३१३३१९९.२१	७	**अन्य कोषको खर्च**		३२८५५७५७.४९
	क सामाजिक सुरक्षा	८६८७५१९९.२१			क) कार्य संचालन कोष (विविध खर्च)	३१७८४९२०.४९	
	ख) गरिवसँग विश्वेश्वर कार्यक्रम	२५८०००.			ख) प्रकोप व्यवस्थापन कोष	१०७०८३७.	
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६००००००.					
				८	**मौज्दात**		२३४६९१९.४२
६	**अन्य**		१००००००.		संचित कोष	७०७७७७.६१	

	क) सडक बोर्ड नेपाल	१००००००.			धरौटी	१५७९३८७.८१	
					कार्य संचालन कोष	४०५.	
७	**धरौटी**		१३५२४८४.८१		प्रकोप व्यवस्थापन कोष	५९३४९.	
	धरौटी आय	१३५२४८४.८१					
८	**विभिन्न कोषतर्फको आय**		४८६४४२.५				
	क प्रकोप व्यबस्थापन कोष	०					
	ख बिबिध खर्च खाता	४८६४४२.५					
९	**दाखिला बाँकी दायित्व**		९७८६१८९.९९				
	जम्मा		६५८२४२६८३.७६		**जम्मा**		६५८२४२६८३.७६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय बिबरणको परीक्षण :**

३.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

३.२

फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र भुक्तानीमा रू १२२९१९३८९।२० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	४६२६७२०३।९४	४८९०५६०९०।६२	५३२९७६३७५।१४	२३४६९१९।४
एकीकृत आर्थिक विवरणअनुसार	४६२६७२०३।९४	६११९७५४७९।८२	६५५८९५७६४।३४	२३४६९१९।४
फरक		१२२९१९३८९।२०	१२२९१९३८९।२०	

सैद्धान्तिक बेरुजु

३.३ **बैङ्क हिसाब विवरण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेकोले हिसाब मिलान गर्नुपर्दछ। (डाटा अनुसुचीमा समावेश छ)

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नु पर्दछ रू

प्रमाण पेश नगरेको	१२,४२०

३.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ६३९९८९।४३, पुँजीगत खातामा रु. ५५४६३२।८० समेत रू ११९४६२२।२३ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५

वित्तीय विवरणको यथार्थता : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८६८७५१९९।२१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२६०००००० , र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.२५८००० समेत गरी रु ११३१३३१९९।२१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **म्यानुअल भुक्तानी** : पालिकाले विनियोजन खर्चतर्फ सुत्रको प्रयोग नगरी आर्थिक वर्ष २०७८।७९ मा खर्च लेखाङ्कन गर्न छुट भएको भनि विभिन्न २५ म्यानुअल भुक्तानीको रु. ७१३५५१० र आर्थिक वर्ष २०७९।८० को विभिन्न ३८ भुक्तानीको १४१८८१८३ समेत जम्मा २१३२३६९३ खर्च लेखेको छ । यसरी सुत्र प्रयोग नगरी म्यानुअल रुपमा भुक्तानी गर्दा वास्तविक खर्च यकिन गर्न नसकिने भएकोले सुत्र भन्दा बाहिर गरेको खर्च कानुनसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

३.७ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९७८६१८९.९९ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त दायित्वको शिर्षकगत रकम यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९७,८६,१८९.९९

३.८ **कारोबारको लेखा** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ अनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तबमोजिम महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजस्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर

रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन :

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्याबधिक गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन।

· राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन।

· दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

· पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो।

· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।

· मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो।

· कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो।

· पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको।

· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।

· आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फर्स्यौट गर्ने गरेको।

· कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन।

· विद्युत महशुल समयमा भुक्तानी नहुँदा जरिवाना लाग्ने भएको हुँदा यस तर्फ ध्यान दिनुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर फाकफोकथुम गाउँपालिकाले अन्तर सरकारी अख्तियारीतर्फको कारोबारको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट गराएपनि आन्तरिक श्रोत, राजश्व बाडफाड,कोष र अनुदान बजेट शिर्षकको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकामा आन्तरिक लेखापरीक्षण शाखामा रिक्त दरवन्दीमा पदपूर्ति नभएकाले पदपूर्ति गरी कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपप्रमुख श्री कल्पना राईले मिति २०७९।३।१० मा रु. ५९ करोड ५३ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गरी सुत्रबाट बजेट पास गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७ **चौमासिक पूँजिगत खर्च :**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च (रु. हजारमा)	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	विभिन्न	११५६०१	२७०७	१८८३४	९४०६०	६२१२७
खर्च प्रतिशत			२.३४	१६.२९	८१.३६	५३.७४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११५६०१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. २७०७ (२.३४ प्रतिशत), दोस्रो चौमासिकमा रु.१८८३४ (१६.२९ प्रतिशत) र तेस्रो चौमासिकमा रु.९४०६० (८१.३६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.६२१२७ (५३.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम

७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११ करोड ५६ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **खाना तथा विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २१९७००० खर्च गरेको छ जुन आन्तरिक आयको ३७.४१ प्रतिशत हुन आउछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **सेवा प्रवाह :**

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरणतर्फ	
जन्मदर्ता	५०७
मृत्युदर्ता	२०८
बसाईसराई दर्ता	१२९
विवाह दर्ता	२२७
सम्बन्धविच्छेद दर्ता	१८
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१००३६ मीटर
ग्राभेल सडक मर्मत	०

सैद्धान्तिक बेरुजु

१२ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी यो वर्ष १९४ जना व्यक्तिलाई रू. ७१५८५०० एवं ९ संघ संस्थालाई रू. ५१५००२ गरी जम्मा रू. ७६७३५०२ आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **रकमान्तर :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकवाट पुँजीगत शिर्षकमा २५ प्रतिशत रकमान्तर गर्न सक्ने उल्लेख छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा पूजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ। पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न करार सेवा शुल्क, विविध तथा पदाधिकारी सेवा सुविधा लगायतलाई चालु खर्च शिर्षकमा रकमान्तर गरी लेखेको खर्च रु.५८००००० अनियमित देखिएको रू

क्र सं	**शिर्षक**	**रकम**
१	करार सेवा शुल्क	४८०००००
२	विविध	२०००००
३	पदाधिकारी सेवा सुविधा	८०००००
जम्मा		**५८०००००**

अनियमित भएको	५८,००,०००

१६ **खर्च विश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५८७२३३९।९८, राजस्व बाँडफाँट रू. ६९४२१६०५।८४ र अनुदान, अन्तर सरकारी बजेटबाट रू. ४०७५८१५०० समेत रु ४८२८७५४४५।८२ आम्दानी भएकोमा चालु तर्फ रू. ३९३०७१४६४।४६ र पूँजिगत तर्फ रू. ११५६०१२७०।१८ र वित्तीय ब्यबस्था तर्फ शुन्यसमेत रु ५०८६७२७३४।६४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११।५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. ६८७४००० खर्च भएको छ जुन आन्तरिक आयको ११७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.२७ प्रतिशत चालु र २२.७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत विगत वर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्बन्धी कानून बनाई अनुगमनलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **अनुदान फिर्ता :**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको रकम रू ४५८७१३३८।४९ मध्ये संघीय सशर्त तर्फ बर्षान्तमा खर्च नभई रू ४२८४५८४८।७९ बाँकी रहेकोमा लेखापरीक्षणको पश्चात रू ४३७८८००० फिर्ता गरेको प्रमाण पेश भएकोले फिर्ता गर्नुपर्ने भन्दा रू ९४२१५१।२१ बढी फिर्ता गरेको छ साथै प्रदेश शसर्त तर्फको बर्षान्तमा खर्च नभई फिर्ता गर्नुपर्ने रकम रू ३०२५४८९ लेखापरीक्षणको क्रममा असुल भएको प्रमाण पेश गरेको छ । पालिकाले अनुदान फिर्ता समयमा नै गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ। (यस सम्बन्धि विवरण अनुसूचीमा समावेश रहेको छ)

सैद्धान्तिक बेरुजु

१९ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल २१२ योजनामा वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-५०लाख सम्म	५० लाख भन्दा बढी	जम्मा
२५	८९	५४	२६	१८	०	२१२

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० हजार देखि ५० लाख सम्मका जम्मा २१२ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र १६८ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च

भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	४,३६,६५,०००	३,५७,१८,१६४.०७	८१.८
२	पूर्वाधार विकास	८,७०,६५,५७५	६,०६,७६,७०१.७७	६९.६९
३	सामाजिक विकास	२७,४९,६३,०००	२४,६१,८५,७६३.८४	८९.५३
४	बातावरण तथा विकास	४१,२०,०००	१९,३४,७६९	४६.९६
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१,५९,५५,०००	१,४५,५३,०१३.१३	९१.२१
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१६,९५,४५,४२५	१४,९६,०४,३२२.८३	८८.२४
जम्मा		**५९,५३,१४,०००**	**५०,८६,७२,७३४.६४**	८५.४५

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९१.२१ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ४६.९६ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२१ **तलवी प्रतिवेदन :**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष पालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८२

दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **वडा सचिवको पदपूर्ति :**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ७ दरबन्दी भएकोमा ३ वडा कार्यालयमा वडा सचिवको दरवन्दी रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ती नभई रिक्त रहेको देखियो । पालिकाले वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **कर्मचारी करार :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५२ जना कर्मचारीहरु करारमा राखी रु. २०६८०९०७ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ३० जना करार नियुक्ति गरी तलव तथा भत्तामा रु.८७५८११६ भुक्तानी गरेको छ। कार्यवोझको आधारमा संगठन तथा व्यवस्थापन सर्भे मार्फत दरवन्दी यकिन गरी स्वीकृत दरवन्दी भित्र स्थायी पदपूर्तिका लागि कर्मचारी माग गरी सम्बन्धित निकायमा पठाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२५ **कानूनी सल्लाहकार :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकाको कानूनी सल्लाहकार भनी श्री प्रदिप अधिकारीलाई मासिक रू.२४७०२ का दरले वार्षिक रू.२९६४२४(कर सहित) भुक्तानी गरी ब्ययभार पारेको पाइयो ।

सैद्धान्तिक बेरुजु

२६ **अभिलेख :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त

रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**

लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ। जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ। पालिकाले यो वर्ष अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरेको देखिएन। लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन। कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३० **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।

जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। अन्य आवश्यक नियम तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १४ गरी कुल १७ विवाद दर्ता भएकोमा १४ वटा फस्यौंट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **सवारी साधन खरिद :**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रु.८००००० तथा १ थान चार पांग्रे सवारी साधन(एम्बुलेन्स) खरिदमा रु.२०१००५० समेत रु.२८१००५० खर्च गरेका छन् । प्रचलित कानुन र निर्देशनको पालनामा पालिकाले ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **धरौटी तर्फ :**

३३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३३. पालिकाले व्यक्तिगत धरौटीको विवरण तयार नगरेको कारण गत वर्ष देखि जिम्मेवारी सरेको र यस वर्ष प्राप्त रकम को कोबाट के वापत प्राप्त भएको हो यकिन गर्न सकिएन। पालिकाले यस वर्ष १२१३४०७३ फिर्ता खर्च लेखेको छ। व्यक्तिगत धरौटी विवरण नभएकोले वास्तवमा फिर्ता गर्नु पर्ने हो वा होइन यकिन भएन । स्रेस्ताभन्दा बैंकमा रू १५१६ हजार घटी मौज्दात रहेको छ । संचित कोषबाट रु ५ लाख र प्रकोप व्यवस्थापन कोषबाट १०१६ हजार प्राप्त गरी बैंक हिसाव मिलान गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	१५,१६,०००

३४ **जिन्सी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

· कुनै पनि शाखा वा अन्यले आफू वा आफू मातहत रहेका सामानहरु थपघट हुँदा वा यताउता हेरफेर गर्दा जिन्सी शाखाबाट अनुमति लिएर मात्र गर्नुपर्दछ ।

· विगत देखि कार्यालयका सामानहरु प्रयोग गरी सो को स्पष्ट जानकारी तथा बरबुझारथ नगराई कार्यालय छोड्ने कर्मचारीलाई समय दिई बरबुझारथ गराउनु पर्नेमा कार्यालयका कर्मचारी श्री विक्रम चौहान अन्यत्र सरुवा भई गएको र जिन्सी सामानको बरबुझार समेत नगरेको तथा पटक पटक पत्राचार गर्दा समेत अटेर गरी जिन्सी सामान बरबुझारथ गर्न नआएको भन्ने जानकारी प्राप्त भएकोले यस सम्बन्धमा छानबिन गरी सम्बन्धित कर्मचारीलाई नियमानुसार कारबाही गर्नुपर्दछ ।

· प्रत्येक वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा अनिवार्य रुपमा जिन्सी खाता राख्नुपर्नेमा सो गरेको छैन ।

· एकिकृत खरिद प्रणालीको अवलम्वन गर्नुपर्ने । जिन्सी मालसामानहरुको चोरी वा हानी नोक्सानी हुन बाट रोक्न सुरक्षाको पर्याप्त व्यवस्था गर्नुपर्दछ।

· जिन्सी प्रमुख सरुवा हुँदा अनिवार्यरुपमा सम्पूर्ण मालसामानहरुको बरबुझारथ गर्नुपर्दछ।

· जिन्सी प्रमुखले सम्पूर्ण सामानहरुको संरक्षण मर्मत संभार र लिलाम गर्नुपर्ने सामानको लिलाम प्रक्रियामा लैजाने कार्यहरु गर्नुपर्दछ।

· जिम्मेवारी परिवर्तन भई एक शाखाबाट अर्को शाखामा जाँदा समेत कम्प्युटर ल्यापटप लगायत सम्पुर्ण जिन्सी सामान जिन्सी शाखामा बरबुझारथ गरेर जाने व्यवस्था लागु गर्नुपर्दछ।

· सरुवाको बोधार्थ प्राप्त हुनासाथ जिन्सी सामानको अवस्थाबारे स्थलगत अवलोकन गरी प्रयोग भएका सामान अभिलेख संग रुजु गर्ने व्यवस्था गर्ने ।

· जिन्सी व्यवस्थापन तथा संरक्षणका लागि जिन्सी सामान राख्ने ठाउँको व्यवस्थापन गर्ने ।

सैद्धान्तिक बेरुजु

३५ म्याद नाघेको पेस्की :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१३१८००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १३१८००० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

भौचर नं र मिति	**पेश्की लिनेको नाम**	**बिबरण**	**पेस्की**	
			म्याद नाघेको	**म्याद ननाघेको**
निर्माण व्यवसायी				
१८१,२०८०।३।२४	माई भगवती कन्स्ट्रक्सन	अति गरिब परिवारको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना	५०००००	
९०१।०८०।५।११	डाफे कन्स्ट्रक्सन	मोविलाइजेशन पेस्की		२६००००००
संस्थागत पेश्की				
२,२०७९।७।३	ग्लोबल मिडिया एण्ड एडभरटाइजिङ	सञ्चार सामग्री प्रशारण तथा छपाई	१५००००	
७,२०७९।११।१९	इलाम जिल्ला खेलकुद विकास समिति	विद्यालय स्तरीय खेलकुद प्रतियोगिता	४०००००	
कर्मचारी पेश्की				
१७,२०७९।९।५	विमल घिमिरे	मसलन्द तथा सामान खरिद	१२००००	
१७,२०७९।९।५	विमल घिमिरे	मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार	६००००	
१७,२०७९।९।५	विमल घिमिरे	अन्य विविध खर्च	८८०००	
जम्मा			**१३१८०००**	**२६००००००**

पेश्की	१३,१८,०००

३६ म्याद ननाघेको पेस्की :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एक निर्माण व्यवसायीलाई रु.२६०००००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

पेश्की

३७ **कर तथा शुल्क असुली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको कार्यालयले यस वर्ष तपशिलका आय शिर्षकहरुमा रू ७० लाख आय अनुमान गरेकोमा रू ६८७२३३९ असुली गरेको छ।

आय शीर्षक	**अनुमान**	**असुली**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	एकमुष्ठ ७० लाख अनुमान गरिएको	१०५६३९६
घरजग्गा वहाल कर		१०५३०
व्यवसाय कर		२२१००
अन्य सेवा शुल्क तथा विक्री		४३१६०
सिफारिस दस्तुर		११२४९३४
जलस्रोत सम्बन्धी अन्य दस्तुर		०
अन्य विविध		४६१५२१९
जम्मा		**६८७२३३९**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४०६५८१५००	५८७२३३९।९८	१.४४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि

गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३९ **राजश्व अभिलेख :**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४० **मालपोत तथा नगदी रसिद :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिकाको राजश्व आम्दानी रसिद देहायका कर्मचारीहरुले बुझि लगेको देखिन्छ तर उक्त ठेलीबाट के कति आम्दानी भएको हो । सम्बन्धितबाट पेश गर्न लगाई राजश्व दाखिला गर्नुपर्दछ ।

वडा नं	**मालपोत**	**कर**	**रसिद नं.**	**कैफियत**
४	मालपोत रसिद	भूमि कर	३३२८ देखि ३४०० सम्म	वडा सचिव सन्तोष खनाल
५	मालपोत रसिद	भूमि कर	२९८० देखि ३००० सम्म	वडा सचिव लेक बहादुर नेम्वाड
६	मालपोत रसिद	भूमि कर	८९४ देखि ९५० सम्म २२५१ देखि २४०० सम्म	वडा सचिव लक्ष्मी प्रसाद शर्मा “ “
६	मालपोत रसिद		२४८३ देखि २६०० सम्म	का.स. नविन अधिकारी
६	नगदि रसिद		३५०१ देखि ३६०० सम्म	वडा सचिव लक्ष्मी प्रसाद शर्मा
७	मालपोत रसिद		२२८० देखि २९०० सम्म	वडा सचिव लक्ष्मी श्रेष्ठ

सैद्धान्तिक बेरुजु

४१ **नगदी रसिद आम्दानी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिकाअन्तर्गतका वडा कार्यालयहरुले राजस्व उठाउन पालिकाबाट नगदी रसिद बुझेर लैजाने र असुल भएको आम्दानी रकम समयमा दाखिला नगर्ने तथा केही कर्मचारीले पुरानै रसिद काटी राजस्व असुल गर्नेजस्तो अवस्था देखिएको छ । तसर्थ आन्तरिक आयको प्राप्ती र बैँक दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा यकिन तथा विश्लेषण गर्न नसकिएकोले आयको यथार्थताको लागि यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **नगदी रसिदको अबस्था :**

यस पालिकाले यस आ ब मा दुई प्रकारका २०० थान नगदी प्याड प्रयोग गरी बिभिन्न वडाबाट कुल रु २९६९७४९।०० अशुल गरी राजश्व दाखिला गरेको उल्लेख छ ।

क्र सं	नगदी रसिद विबरण	छापिएको थान	खर्च	बाँकी
१	नगदी रसिद	१००	७८	२२
२	मालपोत रसिद	१००	८०	२०
जम्मा			**१९८**	

कुल १९८ थान प्याड प्रयोग गरी उक्त रकम अशुल गरेको भने पनि नगदी रसिदगत आम्दानीको अभिलेख तयार गरी राखेको पाइएन । त्यस्तै गत बर्षको उल्लेखित व्यहोराका प्याड यस बर्ष प्रयोग भए भएनन खुलाएको छैन । यस सम्बन्धमा पालिकाबाट सबै नगदी रसिदको अद्याबधिक अभिलेख तयार गरी अशुल कार्यमा प्रयोगमा ल्याउने र ती रसिदबाट अशुल गरेका सबै आय समयमै बैक दाखिला भएको सुनिश्चितता हुने व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **ढिला राजस्व दाखिला गरेको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । तर अधिकांश वडा सचिवहरुले २/३ महिनापश्चात् मात्र दाखिला गर्ने गरेको अवस्था छ । अत: राजश्व समयमा दाखिला गर्ने तर्फ सम्बन्धितले ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४४ **बिज्ञापन करः**

प्रदेश आर्थिक ऐन २०७७ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रिमा गरिएको

बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम हुने र पालिकाले नियमन तथा संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस्ता प्रकारका कूनै पनि कर संकल गरेको नपाईएकोले आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने बिज्ञापन कर यकिन गरि असुल गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **सामुदायिक बनबाट आयः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को बुदा ६२ ख (१)मा सामुदायिक बन उपभोक्ता समितिले बन पैदाबार बिक्रि बापत, प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ब्यबस्था छ। गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सामुदायिक वनको विवरण लिई वन पैदावर बिक्री गरेको आधारमा कानून बमोजिम पाउने रकम असुल गरेको देखिएन।ऐनको उल्लेखित व्यवस्था बमोजिम सामुदायिक वनको विवरण लिई उक्त रकम असुल हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६ **मनोरञ्जन करः**

प्रदेश आर्थिक ऐन २०७७ को दफा ५ मा प्रदेश भित्र सञ्चालित हाटबजार र मेला जस्ता मनोरञ्जन स्थलमा मनोरञ्जन कर तोकिएको अबस्थामा सोहि बमोजिम र अन्यमा प्रबेश टिकटको मुल्यमा मनोरञ्जन कर लगाइने र मनोरञ्जन स्थल धनिले उठेको महिना भन्दा पछिल्लो महिनाको २५ गते भित्र सम्बन्धित स्थानिय तहमा जम्मा गर्नुपर्ने र पालिकाले नियमन गरी संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ। आर्थिक वर्ष २०७९।८० मा पालिकाले मनोरञ्जन कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **आय ठेक्का :**

४७.१ आर्थिक वर्ष २०७९।८० को लागि पालिकाको सम्पूर्ण नाकाहरुमा निकासी कर संकलन कार्यको लागि मु अ कर बाहेक रू. १० लाख लागत अनुमानको आय ठेक्काको सूचना मिति २०७९।५।२० मा प्रकाशन गरेको थियो। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन:

सैद्धान्तिक बेरुजु

४७.२ प्रकाशित सूचना अनुसार कबोल अंक रू. १०००००५ (मु अ कर बाहेक) भएको जुरी थुम्की निर्माण सेवाको एक मात्र ठेक्का परेकोले पालिका र निर्माण सेवाबीच २०७९।६।२५ मा सम्झौता भई सोही दिन देखि ठेक्का सकार र भोक चलन भएको छ। दुवै पक्षवीच भएको आय ठेक्काको सम्झौताको शर्तमा प्रथम किस्ता रू. ३५०००० मिति २०७९ माघ मसान्त, दोस्रो किस्ता रू. ३५००००। मिति २०८० वैशाख मसान्त र तेस्रो तथा अन्तिम किस्ता रू. ३००००५ मिति २०८० आषाढ मसान्तमा बुझाउने र समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून बमोजिम कानूनी कारवाही गरी बुझाउन बाँकी रकमको १० प्रतिशत शुद गणना गरी असुल फर्स्यौट गराउने उल्लेख छ। फाँटवारी परिक्षण गर्दा आय ठेक्का सकार गर्ने निज निर्माण सेवाले प्रथम किस्तावापत मिति २०८०।१।५ मा रू.४००००० र दोस्रो किस्तावापत मिति २०८०।३।३१ मा रू.५३७५०० समेत जम्मा रू.९३७५०० बुझाई सम्झौता बमोजिम रू.६२५०५ बुझाउन बाँकी देखिन्छ। सम्झौता बमोजिम

बुझाउन बाँकी देखिएको उक्त बाँकी रकमको शुद समेत गणना गरी निज ठेक्का सकार गर्ने निर्माण सेवाबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६२,५०५

४७. **आय ठेक्कामा मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.१३०००० असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	व्यवसायी	न्यूनतम कायम रकम	कबोल रकम	मू अ कर
१	जुरी थुम्की निर्माण सेवा	१००००००	१००००० ५	१३००००

असुल गर्नुपर्ने	१,३०,०००

४८ **निर्माण स्थल :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ। साथै सरकारी संरचना निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **मर्मत सम्भार कोषः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **कार्य सम्पन्न प्रतिवेदन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन।

सैद्धान्तिक बेरुजु

५१ **उपभोक्ता समिति दर्ता :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो बर्ष विभिन्न ३६६ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ११७२००००० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **गुणस्तर परीक्षण र विमा :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियम ११०(१) मा बिस लाख भन्दा बढीको निर्माण कार्यको निर्माण व्यवसायीले अनिवार्य विमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट भएको कामको प्राविधिक गुणस्तरको परीक्षण तथा बिमा आंशिक रुपमा मात्र भएको देखियो । नियमको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **ढुङ्गा सोलिङ्ग कार्यको मोटाई :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दर विश्लेषण गरी निर्धारण गरिएको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र उक्त लागत अनुमान किफायती समेत हुनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष सडकको बेडमा ढुङ्गा सोलिङ्ग कार्यको लागि सोलिङ्गको मोटाई २० सेन्टी रहने गरी दर बिश्लेषण सहित लागत अनुमान तयार गरेको र सोही बमोजिम नै नापी गरी निर्माण सेवा तथा उपभोक्ता समितिलाई भुक्तानी गर्ने गरेको पाइयो। सडक निर्माण कार्यमा जमिनमाथि ढुङ्गा सोलिङ्ग कार्यको मोटाई सामान्यतया १० देखि १५ सेन्टीमिटर मात्र देखाउनु पर्नेमा २० सेन्टीमिटर मोटाई देखाएको कारण बढी परिमाणमा ढुङ्गाको खपत देखिन गई बढी लागत पर्न गएको देखिन्छ। अत: सडकमा प्रयोग गरिने ढुङ्गाको सोलिङ्ग कार्यको मोटाई बढीमा १५ सेन्टीमिटर दिनुपर्नेमा २० सेन्टीमिटर दिएको कारण तपशिलका योजनामा पालिकालाई रू ३८५३६०६ थप व्ययभार परेको छ। यस सम्बन्धमा यकिन गरिनु पर्दछ। **(यस व्यहोरासँग सम्बन्धित विवरण अनुसूचीमा समावेश रहेको छ)**

सैद्धान्तिक बेरुजु

५४ **उपभोक्ता समितिको कार्यमा ठुला मेशिनको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७(९) मा उपभोक्ता समितिवाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेटर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने उल्लेख छ। पालिकाको कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गराएका अधिकांश योजनामा एक्साभेटर, जे सि वि र व्याकहो लोडर जस्ता ठुला मेशिन प्रयोग भएको प्रमाण फाँटवारी परिक्षण गर्दा देखियो। उपभोक्ता समितिको कार्यमा ठूला मेशिन प्रयोग गर्दा प्राविधिक कारणले पूर्व नतिजा आङ्कलन गर्न नसकिने, जटिल र नितान्त प्राविधिक प्रकृतिका एवं ठूला मेशिनहरु प्रयोग हुने निर्माण र खरिद कार्य सञ्चालन गर्न उपभोक्ता समितिसँग प्राविधिक ज्ञान, शिप र औजार समेत नहुने भएकोले उपभोक्ता समितिले पुन: ठेकेदार कम्पनीसँग सम्झौता गरी काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने, त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रकृयामा प्रतिस्पर्धा समेत नहुने भएकोले उपभोक्ता समितिसँग गरिने खरिद कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्थालाई पूर्ण पालना गराउन पालिकाले ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५५ **निर्माण कार्यको नापी तथा भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष सडक स्तरोन्नती कार्यका लागि सडक खन्ने कार्यमा मेशिन (जेसिबी) प्रयोग गर्ने र सोही सडकमा नाली खन्ने कार्यमा मान्छे प्रयोग गर्नेगरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत कार्य गराई खर्च लेख्ने गरेको पाइयो। सडक खन्ने कार्यमा मेशिनको प्रयोग भएको र सो सडकमा नाली खन्ने कार्यमा समेत मेशिन नै प्रयोग हुने र केही सडकको नाली खन्न समेत मेशिन प्रयोग भएको फाँटवारीमा संलग्न भएको फोटोबाट समेत पुष्टि भएकोले मेशिनबाट नालीको माटो काट्ने कार्यको प्रति घ.मी रू. ४५.४८ दर राखी नापी गरी भुक्तानी गर्नुपर्नेमा मानिसबाट गरेको देखाई प्रति घ.मी रू. ५८१.९५ का दरले खर्च लेख्दा प्रति घ.मी रू.५३६.४७ बढी खर्च भएको देखियो। यस सम्बन्धमा छलफल गर्दा सडक नालीमा माटो काट्ने कार्य मेशिनबाट भए तापनि जनश्रमदानको अंश देखाउन मानिसबाट गरेको नापीमा देखाएको जवाफ पेश भएको छ। अत: सडक खन्न मेशिन प्रयोग देखाउँदा सोही सडकको नाली खन्ने कार्य समेत मेशिन प्रयोग देखाउनु पर्नेमा मान्छे प्रयोग भएको देखाउँदा तपशिलका योजनामा रू.२०९४५७० बढी खर्च भई पालिकालाई थप व्ययभार परेको रू.

गो भौ नं / मिति	योजनाको नाम	नाली खन्ने कार्यको परिमाण	लेखेको दर	लेख्नुपर्ने दर	फरक दर	बढी भुक्तानी रकम
३२।०७९।१२।१	चुहानडाँडा आ वि बाट जरिङ्गे खोल्सा हुँदै खड्का गाउँसम्मको सडक स्तरोन्नती कार्य	१६२ घमी	५८१।९५	४५।४८	५३६।४७	८६९०८
१६।०७९।९।८	बर्षातको कारण बिग्रिएको सडकको सरसफाई कार्य	३२० घमी	५८१।९५	४५।४८	५३६।४७	१७१६७०
११९।०७९।९।७	वडा नं ७ को वेमौसमी सडक मर्मत कार्य	४९२।२५ घमी	५८१।९५	४५।४८	५३६।४७	२६४०७७
२४९।०७९।९।१४	वडाको सम्पूर्ण सरसफाई कार्य	३७१।२५ घमी	५८१।९५	४५।४८	५३६।४७	१९९१६४
१४।०८०।३।१३	धाप सिमसार मर्मत संरक्षण कार्य	२८९८।३० घमी	५१९।१२	४५।४८	४७३।६४	१३७२७५१
जम्मा						२०९४५७०

असुल गर्नुपर्ने	२०,९४,५७०

५६ **सबबेस कार्यको लागत अनुमान र नापी तथा भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दर विश्लेषण गरी निर्धारण गरिएको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष सडक निर्माण कार्य अन्तर्गत सडकमा २० सेन्टीमिटर मोटाइको लुज ग्राभेलको प्रति घमी रू.१७३५।६० दर राखी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराएको पाइयो। प्राविधिक दृष्टिकोणले समेत कालोपत्रे गर्ने सडकमा मात्र सववेशको मोटाई २० सेन्टीमिटर दिइने र कच्ची सडकमा रोलर र ग्रेडर सहितको सबबेसको मोटाई सामान्यतया बढीमा १५ सेन्टीमिटर मात्र हुनुपर्ने र लुज ग्राभेल नै २० सेन्टीमिटर राखी खर्च लेख्दा सबै सडक योजनामा सबबेस कार्यको लागि लाग्ने वास्तविक खर्चभन्दा बढी खर्च लाग्ने साथै लुज ग्राभेलको मोटाई २० सेन्टीमिटर दिँदा वर्षातमा उक्त ग्राभेल बगाई केही दिनमै २० सेन्टीमिटर कायम नरहने भएकोले सबबेस कार्यमा भएको लगानी व्यर्थ हुन जाने देखिन्छ। अत: सडकमा प्रयोग गरिने सबबेसको मोटाई बढीमा १५ सेन्टीमिटर मात्र दिनुपर्नेमा २० सेन्टीमिटर दिएको कारण तपशिलका योजनामा यस वर्ष पालिकालाई रू. १८०४१६ थप व्ययभार परेको छ। यस सम्बन्धमा पालिकाले यकिन गर्नु पर्दछ।

क्र.सं.	गो.भौ नं /मिति	योजनाको नाम	२० सेमी मोटाई दिएको पछिको सबबेसको परिमाण	१५ सेमी मोटाई दिँदा लाग्ने सबबेसको परिमाण	बढी परिमाण	थप व्ययभार रकम
१	१२२।०८०।२।३	कोलवोटे सप्तिन ढुङ्गाना गाउँ सडकको स्तरोन्नती	१४२ घ.मी	१०६.८ घ.मी	३५.२ घ.मी	६१०९३
२	२२५।०८०।३। १४	चियावारी भञ्ज्याङ देउराली सडकको स्तरोन्नती कार्य	२७५ घ.मी	२०६.२५ घ.मी	६८.७५ घ.मी	११९३२३
जम्मा						**१८०४१६**

सैद्धान्तिक बेरुजु

५७ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने ब्यबस्था छ । पालिकाले देहायबमोजिमको रू ४७३६६२१ सामानहरु प्रतिस्पर्धा बेगर सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गै खरिद कार्य मितव्ययी भएको छैन। खरिद कार्य पूर्ण प्रतिस्पर्धा गराई गुणस्तरीय र मितव्ययी तरिकाले गर्नुपर्दछ । सोझै खरिदका केही उदाहरण निम्नअनुसार छ:

भौ नं। मिति	समानको विवरण	सप्लायर्स	भुक्तानी रकम
३।०७९।९।१४	एच डि.पि.ई पाइप खरिद	जेटली सिंगर हार्डवेयर	४९९६१८
१९३।०८०।२।२३	एच डि.पि.ई पाइप खरिद	जेटली सिंगर हार्डवेयर	९९८८९७
१९३।०८०।२।२३	एच डि.पि.ई पाइप खरिद	जेटली सिंगर हार्डवेयर	३०२०४९
१९८।०८०।३।२३	एच डि.पि.ई पाइप खरिद	माई भगवती कन्स्ट्रक्सन	३९९४६८
५७।०८०।१।११	इन्जिनियरिङ सामाग्री खरिद कार्य	युनिक ट्रेड एण्ड सप्लायर्स	९९८९२०
९५।०८०।३।७	फर्निचर सामान खरिद	गौरव फर्निसिङ सेन्टर	५४३३७०
९६।०८०।३।७	फर्निचर सामान खरिद	गौरव फर्निसिङ सेन्टर	२०३२९९
२।०७९।११।२१	आई एल आर रेफ्रिजेरेटर खरिद	मेडिसर्ज ट्रेडर्स	७९१०००
जम्मा			४७३६६२१

सैद्धान्तिक बेरुजु

५८ **लागत सहभागिता :**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **बढी दरमा खरिद कार्य :** (२००-२०८०-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दररेट निर्धारण समितिले निर्धारण गरेको दर बमोजिम हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले खरिद कार्य गर्दा जिल्लाको आर्थिक वर्ष २०७९।८० को दररेट र स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य गरिनु पर्दछ। पालिकाले १२ थान होडिङ्ग वोर्ड तयारी तथा ढुवानी समेत गरी जुरी थुम्की निर्माण सेवालाई रू.

२७०८९१ भुक्तानी दिएको छ। भुक्तानी दिएको उक्त १२ थान होर्डिङ्ग वोर्डको दर विश्लेषण सहितको लागत अनुमान परिक्षण गर्दा Color GI plain Sheet – 28 gauge (size 1.80cm X 1.2 cm) र MS Squar Pipe समेत सम्पूर्ण होर्डिङ्ग वोर्ड तयारीको लागि ढुवानी वाहेक प्रति होर्डिङ्ग वोर्डको मुअकर थप समेत रू. १४९७७।७६ लाग्ने उल्लेख भए तापनि प्रति होर्डिङ्ग वोर्ड १९१८१।७५ का दरले गणना गरी भुक्तानी गरेको पाइयो। अत: दर विश्लेषण गरी तय भएको दरभन्दा ढुवानी खर्च वाहेक बढी दर राखी भुक्तानी गर्दा १२ थान होर्डिङ्ग वोर्डको प्रति होर्डिङ्ग वोर्डको रू. ४२०६।९९ को दरले बढी भुक्तानी भएको रू. ५०४८४ असुल हुनुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	५०,४८४

६० **सडक निर्माण कार्यमा इन्धन खर्चकोको प्रयोग :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) मा प्राविधिक नाप, जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सडक खन्ने कार्यमा पालिकाको एक्साभेटर र व्याकहो लोडर प्रयोग गर्दा इन्धन खर्च भएको भनी यस वर्ष इलामी पाथीभारा इन्टरप्राइजेजलाई विभिन्न मितिमा रू ६११६५९१ इन्धन खर्च रकम भुक्तानी दिएको छ। पालिकाले मेशिन प्रयोग गरेको इन्धन खर्चको सवारी लगसिट भरी राखेको भए तापनि लगसिटको साथ साथै के कुन योजनाको कुन कुन चेनेजमा के कति परिमाण (घ.मी) को सडक तथा सडकको ट्र्याक खन्ने काम भयो र सो वापत कति इन्धन खर्च भयो सोको परिमाण खुल्ने प्राविधिक लगत ईस्टिमेट, रनिङ्ग बिल र प्राविधिक नापी तयार गरी नराखेकोले सडक खन्ने काममा प्रयोग भएको मेशिनको समय(घण्टा) सडक खन्ने कार्यको परिमाण (घनमिटर) र खपत हुने इन्धनको परिमाण(लिटर) तथा खर्च भिडाई हेर्न सक्ने स्थिति रहेन। अत: यस सम्बन्धमा मेशिन प्रयोग गर्दा खपत भएको इन्धन खर्च, निर्माण कार्य भएको स्थान, चेनेज र परिमाण खुल्ने प्राविधिक मूल्याङ्कन पेश गरी खर्च लेख्ने व्यवस्था गरिनु पर्दछ।

क्र सं	**गो भौ नं र मिति**	**इन्धन खर्च भुक्तानी रकम**
१	२।०७९।६।११	१४८३७२३
२	५।०७९।१०।१०	१०४९६७३
३	१२।०७९।११।२	७८३१६६
४	२३।०७९।११।२८	३६६४०४
५	५९।०७९।१२।२९	४२३९२३
६	६१।०८०।१।१४	१९९९९९
७	८५।०८०।३।१	६८५४९२
८	१२१।०७९।१२।८	४३४२६५
९	१४२।०८०।३।१९	३९७१७२
१०	२२३।०८०।३।२४	२९२७७४
जम्मा		**६११६५९१**

सैद्धान्तिक बेरुजु

६१ स्थलगत निरीक्षण :

६१.१ मिति २०८०।५।१६ गते शनिवारको दिन रू १ करोड ६४ लाख लागत अनुमान भई रू ७४ लाख १७ हजारमा एक निर्माण व्यवसायी (भिक्टर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि) सँग ठेक्का सम्झौता भएको आमचोक-रातमाटे, कनसिरीघाट, सापतिन पुच्छार हुँदै दोकान डाँडा जाने मोटर वाटो स्तरोन्नती कार्यको पालिकाका जनप्रतिनिधी, प्राविधिक कर्मचारी र लेखा परिक्षण टोलीको संयुक्त निरीक्षण भयो। २०८० आषाढको पहिलो हप्तामा सम्पन्न भएको यस सडक निर्माण कार्यका निर्माण सेवालाई अन्तिम बिल सम्म पालिकाले ७३ लाख ७५ हजार भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

सैद्धान्तिक बेरुजु

६१.२ सडकको चेनेज नं ०+०६० देखि ३+५४० सम्मका केही स्थानमा मेशिनद्वारा माटो कटिङ्ग गर्ने र २०८० मिटर लम्बाई ५ मिटर चौडाई सडकमा २० सेन्टीमिटर मोटाईको ढुङ्गाको सोलिङ्ग नापी गरी सोलिङ्ग कार्यको मात्र पालिकाले मुल्य अभिवृद्धि कर थप समेत रू. ४७००८०० भुक्तानी खर्च देखाएको छ। सोलिङ्ग कार्यका लागि २०८० घ।मी ढुङ्गा प्रयोग भएको नापी किताव र रनिङ्ग बिलमा उल्लेख भएको र स्थलगत निरीक्षण गर्दा ढुङ्गाको प्रकृति अधिकांश मध्यमस्तरीय र नरम चट्टान रहेको पाइयो।

सैद्धान्तिक बेरुजु

६१.३ २०८० मिटर लम्बाई ५ मिटर चौडाई र २० सेमी मोटाईमा सोलिङ्ग कार्य देखाएकोमा स्थलगत निरीक्षण गर्दा लम्बाई र चौडाईको भाग नापी गर्दा देखिए तापनि सोलिङ्ग कार्यको मोटाई २० सेन्टीमिटर नै रहेको भन्ने आश्वस्थ हुन सकिएन।

सैद्धान्तिक बेरुजु

६२ सफ्टवेयर खरिद :

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। सरकारी वेवसाईट तथा सफ्टवेयर GIDC को Government cloud मा होस्ट गर्नुपर्ने तथा NITC बाट Domain स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले योजना व्यवस्थापन प्रणाली सम्बन्धि सफ्टवेयर खरिद गरी रु. ५००००० खर्च गरेकोमा सूचना प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । उक्त सफ्टवेयर पालिकाले प्रयोगमा ल्याएको समेत देखिएन।यस्ता सफ्टवेयर स्वीकृति लिएर प्रयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६३ योजना छनौट :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले अधिकांश सडक निर्माण कार्य अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै छनौट तथा कार्यान्वयन गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदनको आधारमा मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ यातायात गुरुयोजना :

स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्र्याक ओपेनिङ लगायतका काम गर्दै आएको छ। पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन। सडक निर्माणको कार्यलाई दिगो, प्रभावकारी र बजेट औचित्यपूर्ण प्रयोगको लागि अनिवार्य रुपमा यातायात गुरु योजना तयार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६५ कार्य संचालन कोष :

यस कोषमा विनियोजन खर्च तर्फ आर्थिक वर्ष २०७८/७९ मा खर्च लेखाङ्कन गर्न छुट भएको विभिन्न २५ म्यानुअल भुक्तानीको रु. ७१३५५१०/०० र आर्थिक वर्ष २०७९/८० को विभिन्न ३८ भुक्तानीको १४१८८१८३.०० खर्च लेखाइकन गरी हिसाव मिलान गरेको छ । प्रदेश सरकारबाट प्राप्त लैंगिक हिंसा निवारण कोष स्थापनाका लागि प्राप्त रकम र विगत वर्षमा गरिव सँग विश्वेश्वर कार्यक्रम अन्तरगतको लगानी असुली भई प्राप्त रकम समेत यस कोषमा दाखिला गरेको छ। कोषको आम्दानी तथा खर्च शुत्र प्रणालीबाट नै गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६६ परामर्स तथा डीपीआर खर्च :

६६.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

गो भौ नं र मिति	परामर्श सेवाको विवरण	ल.ई रकम	परामर्शदाता	सम्झौता रकम	भुक्तानी रकम
७।०७९।१०।११	नसुवा खोलाको पक्की पुलको डिपिआर निर्माण कार्य	९९९८४६	धनुषा इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेडिङ्ग सेन्टर प्रा लि	९९७५६४	९९७५६४
८।०७९।१०।११	फाकफोक खोला पुलको डिपिआर निर्माण कार्य	९९९८४६	जनक नन्दनी इन्जिनियरिङ्ग कन्सल्टेन्सी	९९५३०४	९९५३०४
९।०७९।१०।११	रबि आमचोक सडकको डिपिआर निर्माण कार्य	९९९७६९	इशु इन्जिनियरिङ्ग कन्सल्टेन्सी	९६२१९५	९६२१९५
१०।०७९।१०।११	आमचोक सुक्रवारे बजारको डिपिआर निर्माण कार्य	३७००००	आज्ञा इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन	३६२२७८	३६२२७८
-	वृत्तचित्र निर्माण	-	-	४९५०००	४९५०००
-	संगठन र व्यवस्थापन	-	-	३९७१५६	३९७१५६
-	आन्तरिक नियन्त्रण प्रणाली	-	-	४९७७३५	४९७७३५
-	गाउँपालिका प्रमुख प्रशासकीय भवन डिपिआर	-	-	६८२०००	६८२०००
जम्मा:					**५३८९२३२**

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार छन:

सैद्धान्तिक बेरुजु

६६. **सिमित प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिष्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक निकायले बीस लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र बीस लाख भन्दा बढी दश करोड रुपैया सम्म लागत अनुमान भएका परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रिय स्तरको आसय पत्रदाता वीच मात्र प्रतिष्पर्धा गराई आशय पत्र माग गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ र ७० मा उल्लेख छ । पालिकाको कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका उपरोक्त कार्यहरुको बिस्तृत सर्भे डिजाईन तथा लागत अनुमान तयारी कार्यको लागि विभिन्न परामर्शदातावाट सेवा खरिद गरी रु. ५३८९२३२ खर्च लेखेको छ । आफ्नो कार्यक्षेत्र भित्रका पुल, सडक वजार निर्माणको डिपिआर प्रतिवेदन तथा सर्भेक्षण कार्यको लागि लागत अनुमान वनाई सार्वजनिक खरिद नियमावलीको नियम ७० बमोजिम प्रतिस्पर्धा सुनिश्चित गरी सेवा खरिद गर्न सकिने पर्याप्त अवस्था रहेकोमा समेत प्रतिस्पर्धा सिमित हुने गरी सोझै

खरिद कार्य गरेको देखिएकोले उक्त खरिद कार्य नियम सम्मत देखिदैन । कार्यालयले ऐन नियममा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । साथै डि.पि.आर प्रतिवेदनको अभिलेख तयारी गरी सुरक्षित साथ राखिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६६.१ **पेशागत दायित्वको बिमा नगरेको** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८१(७) मा उल्लेख छ । कार्यालयले रु. ५३८९२३२ सम्झौता रकम भएका उपरोक्त परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी उक्त रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । कार्यालयले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६.२ **कार्यालयको जनशक्तिको उपयोग नगरेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । यस मकार्यालया प्राविधिक जनशक्ति उपलव्ध हुँदा हुँदै विभिन्न कार्यहरुको सम्भाव्यता अध्ययन, बिस्तृत सर्भे र डिजाईन तथा लागत अनुमान तयारी जस्ता कार्य बाह्य परामर्शदातवाट गराएको कारण कार्यालयको लागत खर्च बढेको छ। पालिकाले कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गर्नुपर्नेमा कार्यालयमा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्शदातावाट खरिद गरेकोले मनासिव नदेखिएकोले यसमा सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६७ **मूल्य अभिवृद्धि कर कट्टी :**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु ४०६६२४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

गो भौ नं./मिति	खरिद कार्यको विवरण	फर्मको नाम	बिल रकम	मु अ कर कर रकम	३० प्रतिशत रकम
३।०७९।९।१४	गाउपालिकाको प्रशासनिक भवन खरिद कार्यको लागि खानेपानी पाइप खरिद कार्य	जेटली सिंगार हार्डवेयर	४४२१४०	५७४७८	१७२४३
७।०७९।१०।११	नसुवा खोलाको पुलको डि पि आर निर्माण कार्य	धनुषा इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेडिङ्ग प्रा लि	८८२८००	११४७६४	३४४२९
८।०७९।१०।११	फाकफोक खोलाको पुलको डिपिआर निर्माण कार्य	जनक नन्दनी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि	८८०८००	११४५०४	३४३५१
९।०७९।१०।११	रबि आमचोक सडकको डि पि आर निर्माण कार्य	इशु इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि	८५१५००	११०६९५	३३२०९
१०।०७९।१०।११	आमचोक बजारको डि पि आर तयारी कार्य	आज्ञा इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि	३२०६००	४१६७०	१२५०३
५३।०८०।१।११	लघु जलविद्युत आयोजनामा सुधार कार्य	कृष्ण ग्रिल एण्ड इन्जिनियरिङ	२१२३८९	२७६११	८२८३
५५।०८०।१।११	ह्यूम पाइप खरिद र व्यवस्थापन कार्य	देउमाई निर्माण सेवा	१२६००००	१६३८००	४९१४०
५७।०८०।१।११	इन्जिनियरिङ सामाग्री खरिद कार्य	युनिक ट्रेड एण्ड सप्लायर्स	८८४०००	११४९२०	३४४७६
५८।०८०।१।१२	२ थान मोटरसाइकल खरिद कार्य	पाथिभरा अटो प्यालेस	६३६९९१	८२८०९	२४८४३
९५।०८०।३।७	फर्निचर खरिद कार्य	गौरब फर्निसिङ्ग सेन्टर	४८०८६५	६२५१२	१८७५४
९६।०८०।३।७	फर्निचर खरिद कार्य	गौरब फर्निसिङ्ग सेन्टर	१७९९११	२३३८८	७०१६
१९३।०८०।३।२३	विभिन्न साइजका एचडिपिई पाइप खरिद कार्य	जेटली सिंगार हार्डवेयर	८८३९८०	११४९१७	३४४७५
१९३।०८०।३।२३	विभिन्न साइजका एचडिपिई पाइप खरिद कार्य	जेटली सिंगार हार्डवेयर	२६७३००	३४७४९	१०४२५
१९८।०८०।३।२३	विभिन्न साइजको एचडिपिई पाइप खरिद कार्य	माइ भगवती कन्स्ट्रक्सन	३५३५११	४५९५६	१३७८७
२।०७९।११।२१	आई एल आर रेफ्रिजेरेटर खरिद	मेडिसर्ज ट्रेडर्स	७०००००	९१०००	२७३००

	कार्य				
९७।०८०।२।३	ड्रल मेशिन	आस्ना एग्रिकल्चर एण्ड सप्लायर्स	२३९३८०	३११११९	९३३५
९७।०८०।२।३	सिलाई मेशिन	आस्ना एग्रिकल्चर एण्ड सप्लायर्स	१११५०४	१४४९५	४३४८
१३४।०८०।३।११	दुध तताउने भाडा खरिद	सगरमाथा रेफ्रजेरेटर एण्ड फेब्रिकेशन प्रा लि बल्खु	१३२७४३	१७२५६	५१७६
५०५।०८०।३।२४	सार्वजनिक सुनुवाइ कार्यक्रम	इलाम एफ ९३ मेगाहर्ज	२६५४८६	३४५१३	१०३५३
५०८।८०।३।२४	सेवा र परामर्श खर्च	विराट प्राविधिक शिक्षा एवं परामर्श प्रा लि झापा	४४०४७४	५७२६१	१७१७८
जम्मा					**४०६६२४**

प्रमाण पेश नगरेको	४,०६,६२४

६८ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६९ **कर बिजक :** (७५-२०७९-११-२९):

गो भौ नं ७५ मिति २०७९।११।२९, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले क्याटलक सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद गरी मु.अ.कर थप समेत गरी अग्री इनकर्पोरेट प्रा लि लाई रू. २०१००५० भुक्तानी दिएकोमा कर विजक पेश भएको पाइएन। मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, संस्थाले रित पूर्वकको विजक पेश नगर्नु तथा कार्यालयले विल विजक चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मूख्य कारण रहेको पाइन्छ। यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजश्वमा जम्मा नभई सरकारी राजश्व घट्न जाने देखिन्छ। तसर्थ आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको फर्मले रित पूर्वकको कर विजक जारी गर्ने र पालिकाले भुक्तानी दिदाँ सोको चेक जाँच गरी भुक्तानी गर्नुपर्ने देखिन्छ। अत: एम्बुलेन्स खरिद वापत पालिकाबाट भुक्तानी भएको रकममा लाग्ने १३ प्रतिशत रकमको ३० प्रतिशतको मुल्य अभिवृद्धि

कर रकम रू. ६९३७३ सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	६९,३७३

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका सबै वडामा सडक तथा नाली सफाई, मर्मत, गोरेटो बाटो निर्माण लगायतका १६ योजना सञ्चालन गरी यस वर्ष १९१ जनालाई दैनिक रू.५७७ का दरले भुक्तानी गरी यो वर्ष रू.४७८५२५७.१८ (१ प्रतिशत कर कट्टी सहित) खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **स्थानीय तहका पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार १ नम्बर प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. ६८७४००० खर्च लेखेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

७२ **कार्यविभाजन तथा सम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्नेमा पालिकाले हालसम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन। कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७३ **बढि भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेटबाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । त्यसै गरी खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत खर्चको गोश्वारा भौचर साथ संलग्न गर्नुपर्दछ । गाँउपालिकाले भौ नं १२४ मिति २०७९।११।

०२ बाट सवारी साधन मर्मत वापत रू ६३५४६।६८ भुक्तानी भएकोमा रू १३७११।६८ को विल भरपाई पेश नभएकोले खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु संलग्न नगरेको देखियो । यसरी बढी खर्च लेखेको र खर्चको पुष्टयाई प्रमाण नभएको खर्च रकमको सम्बन्धमा आधिकारिक प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,७११

७४ **बुझिलिनेको नाम र दस्तखत नभएको :** (४६२-२०८०-३-२१):

गो भौ नं ४६२ मिति २०८०।३।२१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल¸ भरपाई तथा अन्य कागजात शिलशिलावद्व रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले महिलाहरुको सिप विकास तथा क्षमता विकास तालिम संचालन गरेवापत रू ४००००० भुक्तानी गरेको छ। उक्त कार्यक्रममा भत्ता वितरण गरेकोमध्ये रू २९६९५(कर वाहेक) भत्ता बुझि लिनेको नामनामेसी नै उल्लेख नगरी खर्च लेखेकोले सोवापतको रकम यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२९,६९५

७५ **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने कर्मचारीहरुको अनुसूची ६ बमोजिमको भ्रमण अभिलेख राख्नुपर्ने, भ्रमणमा खटिएको कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिनु पर्ने र भ्रमणको स्पष्ट उद्वेश्य हुनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष कर्मचारी भ्रमण खर्चमा रु. ३२३८६०५ खर्च लेखेको छ । भ्रमण खर्चका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

· पालिकाका भ्रमणमा खटिएका अधिकांश कर्मचारीहरुको भ्रमणको उद्धेश्यमा पालिकाको कामकाज उल्लेख गरेकोले उक्त भ्रमण पालिकाको कामका लागि भएको हो भनी सूनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

· पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेको ।

· भ्रमणमा खटिने कर्मचारिको भ्रमण अभिलेख नराखेको ।

· भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिई उक्त प्रतिवेदनमा उल्लेखित व्यहोराहरुको कार्यान्वयन नगरेको।

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर हुने भ्रमण खर्चलाई नियन्त्रण गर्न तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सञ्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने उल्लेख रहेको छ भने दफा नं ८६(२) मा उपदफा १ को अधिनमा रहि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । पालिकाले मिति २०७९।११।०६ मा गाउँसभावाट फाकफोकथुम गाउँपालिकाको अतिरिक्त समयमा कर्मचारी खटाउने सम्बन्धी कार्यविधि २०७९ स्वीकृत गरी यो वर्ष अतिरिक्त समयमा काम गरेवापतको प्रोत्साहन भत्ता कुल रु.४९४०३१। खर्च गरेको देखियो। स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था संघीय कानुनको आधारभूत सिद्धान्त र मापदण्डको

अधिनमा रही स्थानीय तहले बनाएको कानुन वमोजिम हुने व्यवस्था भए तापनि यस सम्वन्धी संघीय कानुन नवनेको अवस्थामा समेत पालिकाले अतिरिक्त समयमा कर्मचारी खटाउने सम्बन्धी कार्यविधि जारी गरी प्रोत्साहन भत्ता वापत रु. ४९४०३१। खर्च लेखेको नियमसम्मत नदेखिएको रू

अनियमित भएको	४,९४,०३१

७७ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन :**

पालिकाले यस आ.व. मा पत्रपत्रिका छपाई शीर्षकमा रकम विनियोजन गरी निभिन्न मितिमा विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गरेको देखिन्छ ।यसरी प्रकाशन गर्दा बोलपत्र आह्वान गरी स्वच्छ प्रतिष्पर्धा मार्फत पारदर्शी ढंगले मितव्ययीपूर्वक सार्वजनिक खरिद ऐन र नियमावली अनुकूल भएर खरिद कार्य सम्पन्न हुने हुँदा सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७८ **बिल भरपाई पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमको गोश्वारा भौचर नम्बरबाट भुक्तानी दिएकोमा सो सँग सम्बन्धित प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश गर्ने अन्यथा सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नु रू

भौचर नं./मिति	विवरण	रकम
३०७।२०८०।२।७	वडा नं ५ वडा सचिव लेक बहादुर नेम्वाङले अनुगमन मूल्याङ्कन वापत	३२४००
३६७।२०८०।३।७	दलित समन्वय समितिले आधारभुत उद्घोषण तालिम वापत	५००००
जम्मा		८२४००

प्रमाण पेश नगरेको	८२,४००

७९ **सक्कल विल पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को (५) मा सरकारी रकम खर्च गर्दा सक्कल विल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिमका फर्मलाई सक्कल विल वेगर भुक्तानी गरेको हुनाले सक्कल विल भरपाई पेश गर्नुपर्ने रू

गो भौ नं र मिति	फर्मको नाम	बिल रकम
३१, २०७९।७।२८	लक्ष्मी पाथिभरा इन्टरप्राइजेज	४३३२०
८८, २०७९।९।२४	**p.p.p Trading PVT. LTD**	२६०३९७
जम्मा		**३०३७१७**

प्रमाण पेश नगरेको	३,०३,७१७

८० **सक्कल बिल पेश नभएको :**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भर्पाई लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यबस्था छ। पालिकाले बिज्ञान प्रयोगशाला सामाग्री खरिद ब्यवस्थापन कार्यको लागि सिंह देवी माध्यमिक विधालय फाकफोकथुमलाई दिएको अनुदानमा निम्नानुसार बिलको छाया प्रति राखि भुक्तानी दिएको देखिएकोले सक्कल बिल पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,५३,११०

८१ **नपाउने बैठक भत्ता :**

कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला एवं वैठक भत्ता सम्बन्धी व्यवस्था गरिएको छ । भौ.नं १७०/ ०८०-३-२१ बाट पालिकाका रोजगार सेवा केन्द्र स्थित प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानिय निर्देशक समितिको बिभिन्न बैठकमा निम्न बमोजिमका कर्मचारीले कार्यालय समयमा बैठक बसि भत्ता लिएकोले सो नपाउने बैठक भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	कर्मचारीको नाम,थर	बैठक संख्या	दर	कर कट्टी पछीको असुल गर्नुपर्ने रकम
१	दिल कुमार लिम्बु	७	१६००	९५२०
२	दिपक राई	७	१६००	९५२०
३	दिपेश राई	७	१२००	७१४०
४	गोविन्द प्रसाद लामिछाने	२	१२००	२०४०
५	खगेन्द्र निरौला	२	१२००	२०४०
६	तिल विक्रम थेगिम	१	१०००	८५०
७	सुजन नेपाली	१	१०००	८५०
८	भेष कुमारी लामिछाने	२	१०००	१७००
९	मौसम प्रधान	१	१०००	८५०
१०	नविन लामिछाने	१	१०००	८५०
११	नारायण थापा मगर	२	१६००	२७२०
१२	माधव प्रसाद दाहाल	१	१२००	१०२०
१३	सरोज राई	१	१०००	८५०
१४	तिल विक्रम लिम्बु	७	१२००	७१४०
१५	शोभा बान्तावा राई	१	१२००	१०२०
जम्मा				**४८११०**

असुल गर्नुपर्ने	४८,११०

८२ **मेडेपा कार्यक्रम :**

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ को उपदफा ३ अनुसार उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबुल गरेको कुल अँकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम प्रविधि हस्तान्तरणको विभिन्न सामाग्री खरिद गरी भुक्तानी गरेकोमा २० प्रतिशतले हुने रकम उद्यमीबाट दाखिला गरेको नपाईएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

गो भौ नँ र मिति	**विवरण**	**भुक्तानी रकम**	**कैफियत**
९७। २०८०।२।३	आस्ना एग्रीकल्चर एण्ड सप्लायर्स समेत	४९७०००	२० प्रतिशत कृषक साझेदारीको रकम रु.८२०२० जम्मा नभएको
जम्मा			८२०२०

प्रमाण पेश नगरेको	८२,०२०

८३ **तालिम संचालन :**

तालिम संचालन गर्दा पालिकाले अर्थ मन्त्रालय वा कोशी प्रदेशको खर्चको मापदण्डमा उल्लेखित नर्म्सलाई आधार मानेर लागत अनुमान तयार गरी तालिम संचालन गर्न सम्झौता गर्नुपर्नेमा खर्चको प्रस्तावना तयार नगरि तालिम संचालकहरुले पेश गरेको प्रस्तावनाको आधारमा सम्झौता गरेको पाईएको छ । तालिम कार्यक्रमहरु सञ्चालन गर्दा फरक फरक यातायात खर्च एवम खाजा खर्चको दर विवरण पेश गरेको पाईएको छ । तसर्थ अर्थ मन्त्रालय वा कोशि प्रदेश को सार्वजनिक खर्चको मापदण्डमा उल्लेख भएको दररेट लाई आधार लिई पालिकाले कार्यक्रमको प्रस्तावनाको आधारमा स्रोत ब्यक्तिको पारीश्रमिक,यातायात खर्च र प्रतिवेदन दिने ब्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४ **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा नपाउने दैनिक भ्रमण भत्ता भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

गो.भौ.न./मिति	कर्मचारीको नाम	भुक्तानी रकम	पाउने रकम	बढी भुक्तानी
५६/०७९-१२-८	दिल कुमार लिम्बु	४८००	३६००	१२००
	याम बहादुर बस्नेत	४८००	३६००	१२००
	तिल विक्रम लिम्बु	३६००	२७००	९००
	प्रकिशा भट्टराई	३६००	२७००	९००
६९/०८०-१-११	याम बहादुर बस्नेत	६४००	५२००	१२००
	प्रकिशा भट्टराई	४८००	३९००	९००
जम्मा				**६३००**

असुल गर्नुपर्ने	६,३००

८५ **उधमशिलता विकास तर्फ :**

पालिकाले एकल महिला उधमशिलता विकास कार्यक्रम अन्तर्गत मानव अधिकारको लागी एकल महिला समूह लाई रु.१८४६८७ भुक्तानी दिएकोमा लक्षित महिलालाई निःशुल्क उधम सम्वन्धी सिप विकास तालिम प्रदान गरी आगामी आर्थिक वर्षमा सो को प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८६ **बढी भुक्तानी :** (२९७-२०८०-२-३):

आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले न्यायीक समितिको सचिवालय फाकपोकथुम गाउँपालिकाद्वारा आयोजित मेलमिलाप सम्बन्धीको ८ दिवसीय आधारभुत तालिम कार्यक्रममा प्रशिक्षक तथा कार्यक्रम संयोजकलाई भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए भन्दा बढि दर राखी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू

सहजकर्ताको नाम	कक्षा संख्या	भुक्तानी भएको		भुक्तानी हुनुपर्ने		
		दर	१५% कर कट्टी पछिको भुक्तानी	दर	१५% कर कट्टी पछिको भुक्तानी	बढी भुक्तानी रकम
युधिष्ठिर राज आमगाई	१५	२५००	३१८७५	२०००	२५५००	६३७५
सहमान विश्वकर्मा	१०	२५००	२१२५०	२०००	१७०००	४२५०
भिम बहादुर कार्की	५	२५००	१०६२५	२०००	८५००	२१२५
प्रकाश अधिकारी	२	२५००	४२५०	२०००	३४००	८५०
संयोजक बिमल घिमिरे	८ दिन	१५००	१०२००	४००	२७२०	७४८०
जम्मा						**२१०८०**

असुल गर्नुपर्ने	२१,०८०

८७ **अध्यक्ष तथा उपाध्यक्ष विकास कार्यक्रम :**

सार्वजनिक खर्चमा प्रभावकारिता र मितव्ययीता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ ले सरकारी खर्च किफायती गर्ने तरिका सुझाएको छ। पालिकाले अध्यक्ष विकास कार्यक्रममा रू ३० लाख र उपाध्यक्ष विकास कार्यक्रममा रू २५ लाख बजेट विनियोजन गरी खर्च गरेको पाइयो। उक्त बजेटबाट संघ संस्था अनुदान, साना तिना मन्दिर तथा पाटी निर्माण तथा मर्मत लगायतका कार्यमा खर्च गरेको छ। पालिकाले विनियोजित रकमबाट खर्च गर्दा वितरणमुखी कार्यक्रम भन्दा विकासमुखी कार्यक्रम छनौट गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८८ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८९ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको

अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। **(यस व्यहोरासँग सम्बन्धित विवरण अनुसूचीमा समावेश छ)**

सैद्धान्तिक बेरुजु

९० **नमुना विद्यालयलाई अनुदान निकासा :** (२४-२०८०-३-२३):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय र प्रदेश तहमा कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९।८० को क्रियाकलाप नं ९.१२ मा शैक्षिक पूर्वाधारहरु, छात्रवास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पुरा गर्न छनौट भएका नमूना विद्यालयलाई अनुदान निकासा दिने र सम्झौता अनुसार कार्य गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने उल्लेख छ। पालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको श्री सिंहदेवी माध्यमिक विद्यालय फाकफोकथुम-३ इलामलाई भौतिक पूर्वाधार विकास गर्न यस आर्थिक वर्षमा रू. १०१००००० निकासा दिएकोमा लेखापरीक्षणको अवधि २०८०।५।१८ सम्म उक्त रकम पूर्वाधार विकासमा खर्च गरेको छैन भने सम्झौता अनुसार कार्य गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाएको समेत देखिएन। यस सम्बन्धमा निकासा दिएको रकमबाट विद्यालयले पूर्वाधार क्षेत्रमा कुनै खर्च गर्न नसकेको कारण निकासा रोक्का राखेको जनाएको छ। सम्झौता अनुसारको पूर्वाधार विकासमा खर्च गर्न नसक्ने विद्यालयको पालिकाले अनुदान रोक्ने र अनुदान दिए पश्चात निरन्तर अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने कार्य गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९१ **शिक्षक दरबन्दी मिलान तथा अनुगमन :**

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा२० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ। साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ। यस पालिकाको बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति भएको अभिलेख पेश भएन। पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गर्नु पर्ने, अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९२ **दिवा खाजा :**

शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र वाट प्रकाशित बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ अनुसार एक आर्थिक वर्षमा वढीमा १८० दिन भन्दा वढी दिवा खाजाको रकम निकासा दिन नसकीने व्यवस्था रहेको छ । पुर्व वालविकास देखि ६ कक्षा सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.15।- का दरले दिवा खाजा अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष देहाय अनुसारका ४२ विद्यालयलाइ विद्यालय संचालन भएको भनि रु. ६२७७१६५।०० दिवा खाजामा निकासा पठाएको छ। विद्यार्थी संख्या खुलेको भएता पनि विद्यालय कति दिन संचालन भएको हो सो यकिन हुन नसकेकोले निकासा भएको रकम सुनिश्चित हुन सकेन । यसमा कार्यालयले अनुगमन गरी खर्चको उपयोगिता सम्बन्धमा प्रतिवेदन समेत संलग्न गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९३ **ओ.जे.टी अनुदान :** (१७३-२०८०-३-२४):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको निर्देशिकाको प्रकरण नं २.६ मा प्राविधिक धार संचालन अनुमति प्राप्त गर्ने विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाई सामाग्री, ल्याव असिष्टेन्टको पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५००० का दरले हुन आउने एकमुष्ट रकम अनुदान निकासा दिने र उक्त रकमबाट अन्य खर्चका अतिरिक्त विद्यार्थी निर्वाह खर्च (व्यवहारीक अभ्यास OJT मा सहभागी हुने विद्यार्थीको लागि) प्रति महिना १ हजारका दरले हुने रकम सम्बन्धित विद्यार्थीको वैंक खातामा उपलब्ध गराउने उल्लेख छ। निर्देशिकाको उपरोक्त व्यवस्था बमोजिम पालिकाले श्री सिंहदेवी मावीको बाली विज्ञान संकाय अन्तर्गत कक्षा ९ देखि १२ सम्म अध्ययनरत ७२ जना विद्यार्थीको विवरण माग गरी प्रति विद्यार्थी रू. १५००० का दरले एकमुष्ट रू. १०८०००० निकासा दिएको पाइयो। पालिकाले बाली विज्ञान ओ जे टी क्रियाकलाप संचालन कार्यका लागि विद्यालयलाई निकासा दिएको भए तापनि निर्देशिका बमोजिम के कस्तो क्रियाकलापमा उक्त रकम खर्च भयो सो सम्बन्धी फाँटवारी पालिकामा पेश भएको छैन भने पालिकाले समेत नियमित अनुगमन गर्ने गरेको छैन। साथै निर्देशिकामा उल्लेख भए बमोजिम व्यवहारिक अभ्यासका लागि ओ.जे.टीमा सहभागी हुने विद्यार्थी संख्या के कति थिए र के कति विद्यार्थीको बैंक खातामा निर्देशिका बमोजिमको प्रति विद्यार्थी रू. १००० का दरले निर्वाह खर्च उपलब्ध भयो सो समेतको प्रमाण कागजात पेश नभएकोले पेश गरी फर्स्यौट हुनुपर्ने रू

प्रमाण पेश नगरेको	१०,८०,०००

९४ **लेखापरीक्षण प्रतिवेदन :**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.७.१३.१० बिद्यालय सञ्चालन तथा ब्यबस्थापन अनुदान अनुसार देहायका सामुदायिक बिद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण वापत रु.१५००० को दरले निकासा भएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	**बिधालयको नाम**	**अनुदान रकम**
१	जालपा मा.बि.फाकफोकथुम ५	१५०००
२	सिंहदेवि मा.बि.फाकफोकथुम ३	१५०००
३	सिंहदेवि मा.वि.फाकफोकथुम ७	१५०००
जम्मा		**४५०००**

प्रमाण पेश नगरेको	४५,०००

९५ **पढ्दै कमाउदै अनुदान :** (१७४-२०८०-३-२३):

गो भौ नं १७४।०८०।३।२३, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को प्रकरण नं ९.१३ मा पढ्दै कमाउने कार्यक्रम कार्यान्वियनका लागि अनुदान प्राप्त स्थानीय तहले आर्थिक वर्ष २०७९।८० मा छनौट भएका विद्यालयका लागि पढ्दै कमाउदै कार्यक्रम संचालन कार्यविधि २०७९ मा उल्लेखित प्रकृया बमोजिम विद्यालयलाई कार्ययोजना पेश गर्न लगाई सम्झौता गर्ने र कार्यविधि बमोजिम कार्यक्रम संचालनको लागि विद्यालयलाई सुरुमा ५० प्रतिशत रकम अनुदान उपलब्ध गराउने र विद्यालयबाट कार्य योजनामा उल्लेखित कार्यक्रमहरुको कार्य प्रगतिको नियमित अनुगमन गरी सोको आधारमा बाँकी ५० प्रतिशत रकम उपलब्ध गराउने उल्लेख छ।

पालिकाले यो वर्ष यस कार्यक्रम संचालन गर्न श्री सिंहदेवी मा वि फाकफोकथुम ३ लाई एकमुष्ट सतप्रतिशतले हुने रू. १०००००० विद्यालयको खातामा निकासा गरेको पाइयो। पालिकाले उपरोक्त व्यवस्था अनुसार विनियोजित रू १०००००० को ५० प्रतिशतले हुने रकम मात्र अनुदान निकासा गरी कार्य प्रगतिको मूल्याङ्कनको आधारमा मात्र बाँकी ५० प्रतिशत थप निकासा दिनुपर्नेमा सम्झौता पश्चात सुरुमै एकमुष्ट रू.१०००००० अनुदान निकासा दिनु कानूनसम्मत देखिदैन। यस सम्बन्धमा विद्यालयलाई निकासा दिएको रकमबाट विद्यालयले आर्थिक वर्ष ०७९।८० मा पढ्दै कमाउने सम्बन्धी कुनै क्रियाकलाप संचालन नगरी विद्यालय खातामा आम्दानी गरेको पालिकाले जवाफ दिएको छ। सालवसाली विनियोजित वजेट सालवसाली क्रियाकलापमा मात्र खर्च गर्नु पर्नेमा यस सम्बन्धी कुनै क्रियाकलाप संचालन नगरेकोले संघीय सशर्त अनुदान अन्तर्गत प्राप्त यो अनुदान निकासा विद्यालयबाट फिर्ता प्राप्त गरी पालिकाले संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू

असुल गर्नुपर्ने	१०,००,०००

९६ **नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय अनुदान :** (१७२-२०८०-३-२३):

शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को प्रकरण नं ९.१२ मा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलाप निर्धारण गरी न्यूनतम शर्त पुरा गर्ने कार्यका लागि विनियोजित वजेटको कार्य प्रगति सहित आवश्यक वजेट विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी (घ) वर्गका विद्यालयलाई रू. ५० लाख अनुदान निकासा गरी निकासा रकम सम्बन्धित क्रियाकलापमा खर्च गरे नगरेको स्थानीय निकायले नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। नमुना विद्यालय (घ) वर्ग अन्तर्गतको श्री सिंहदेवी माध्यमिक विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार कार्यको लागि वर्षान्तमा पालिकाले रू. ५०००००० अनुदान निकासा दिएको छ। यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रमका लागि पालिका र विद्यालय बीच सम्झौता भई निकासा दिएको उक्त रकमबाट यस नमुना विद्यालयले आर्थिक वर्ष ०७९।८० मा कुनै पनि क्रियाकलाप संचालन नगरी उक्त अनुदान रकम लेखा परिक्षणको अवधिसम्म विद्यालय खातामा मौज्दात छ भने पालिका र विद्यालय विच सम्झौता हुँदा आर्थिक वर्ष २०७९।८० भित्र सम्पादन गर्ने क्रियाकलाप के कति पुरा भयो पालिकाले अनुगमन गरी प्रतिवेदन केन्द्रमा पठाएको पाइएन। निर्देशिका बमोजिम चालु आर्थिक वर्षमा सम्पादन गरिने निश्चित क्रियाकलाप तोकेर सम्झौता गरे पश्चात क्रियाकलाप नै संचालन नगरी अनुदान मात्र लिने कार्य उचित देखिएन। अत: पालिकाले निकासा भएको उक्त रकम के कस्तो क्रियाकलापमा खर्च गरेको छ नियमित अनुगमन गरी यस विद्यालयलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९७ **विद्यालयगत निकासा खाता :**

पालिकाले प्रत्येक विद्यालयको स्थायी तथा अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालायगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसरी विद्यालयगत निकास खाता नराख्दा विद्यालयबाट माग भएको र पालिकाबाट निकासा दिएको रकम भिडान गर्न सकिने देखिएन। निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन।अतः पालिकाबाट विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयर प्रणालीमा प्रविष्टि गरी विद्यालयगत निकासाको एकिकृत अभिलेख देखिने निकासा खाता तयार गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

९८ **अनुदान अनुगमन :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार आईसिटी ल्याव, पुस्तकालय स्थापना तथा संचालन अनुदान, नवीन प्रविधि अनुदान तथा कार्यसम्पादनमा आधारित अनुदानको अनुगमन हुनु पर्दछ । पालिकाबाट विद्यालयहरुमा विभिन्न शिर्षकमा गएको अनुदान रकमको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान रकमको सहि सदुपयोग भएकोमा आश्वस्त हुन सक्ने आधार देखिएन । अतः पालिकाबाट प्रभावकारी रुपमा अनुगमन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **औषधि खरिद :**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यसवर्ष पालिकाले रु २९४६५१० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०० **पन्ध्र शैया अस्पताल निर्माण कार्य :**

१०० मूल्य अभिवृद्धि कर र प्रोभिजनल समसमेतको रू.२०३७०७५०१।९६ लागत अनुमान भएको ठे नं PRM/ILAM/Works/NCB/10/2078-2079 को १५ शैया क्षमता भएको अस्पताल निर्माण कार्यको लागि पालिकाले प्रकाशित गरेको मिति २०७९।७।७ को सूचना बमोजिम पेश भएका ७ वटा बोलपत्र मध्ये न्यूनतम कबोल अंक रू.१४९९७६५४८।३४ भएको श्री डाँफे कन्स्ट्रक्सन कम्पनी प्राली शान्तिनगर काठमाडौंको बोलपत्रदातासँग अस्पताल निर्माण कार्य २०८१।७।२७ मा सम्पन्न गर्नेगरी मिति २०७९।७।२७ मा पालिका र निर्माण सेवाबीच सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन:

सैद्धान्तिक बेरुजु

१०० पेश्की : पालिकाको कार्यालयले निर्माण सेवालाई १।०७९।१२।१ मा रू.१३००००००र ३।०८०।२।७ मा रू.१३०००००० समेत गरी जम्मा रू. २६०००००० पेश्की उपलब्ध गराएको छ। अस्पताल निर्माण कार्यको खरिद सम्झौताको जि.सि.सि ५७.१ मा सम्झौता रकमको १० प्रतिशतले हुने पेश्की रकम खरिद सम्झौता पश्चात र बाँकी १० प्रतिशत पेश्की निर्माण स्थलमा निर्माण सामाग्री पुर्‍याएको सुनिश्चित भएको प्राविधिक पुष्टी हुनुपर्ने, पालिकाले उपलब्ध गराएको पेश्की निर्माण सेवाले छुट्टै बैंक खातामा जम्मा गरेको हुनुपर्ने र उक्त पेश्की रकम सोही निर्माण कार्यमा मात्र प्रयोग

गरीनु पर्ने उल्लेख भए तापनि उपलब्ध गराएको पेश्की रकम बैँक खाता र खर्च स्थिति देखिने प्रमाण स्रेस्तासाथ संलग्न छैन। पेश्की रकम अन्यत्र प्रयोग हुन नहुने व्यवस्थाको सुनिश्चितता गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१००. **माटो काट्ने कार्यको दर विश्लेषण :** अस्पताल भवन निर्माण कार्यको विस्तृत लागत अनुमानमा अस्पताल भवनको जगमा माटो काट्ने कार्य २२०९।८६ घ.मी हुने अनुमान गरेको र सो माटो मानिसद्वारा काट्ने कार्यको लागि प्रति घ.मी. रू. ६१५। ९४ लाग्ने गरी दर विश्लेषण गरेको देखिन्छ। भवन निर्माण कार्यको स्थल मूल सडकसँग जोडिएको स्थानमा रहेकोले जगमा माटो काट्ने कार्य मेशिनबाट हुने देखिएकोले शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) को स्वीकृत नर्म्स तथा जिल्ला दररेट अनुसार दर विश्लेषण गर्दा मेशिनबाट जगको माटो काट्ने कार्य प्रति घ मी रू.७७.२९ पर्न जाने देखिन्छ। सडक जोडिएको स्थानमा बनाउने संरचनाको लागत अनुमान तयार गर्दा मेशिनको प्रयोग गरिने भएकोले मेशिन प्रयोग हुने गरी दर विश्लेषण सहितको लागत अनुमान तयार गर्नुपर्नेमा मान्छेको प्रयोग हुने गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा उपरोक्त भवनको जगमा माटो काट्ने कार्यमा मात्र पालिकालाई मु.अ.कर सहितको रू.१३४५०८५ थप व्ययभार पर्न जाने देखिन्छ। यस सम्बन्धमा पालिकाले पुन: यकिन तथा निर्क्यौल गरी भुक्तानी गर्ने व्यवस्था गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०१. **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले १७२६१ थान स्यानिटरी प्याड रु.१११७७९७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०२. **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०३. **सामाजिक सुरक्षा तर्फ :**

१०३.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस बर्ष पालिकाले रु. ८६८७५१९९।२१ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

सैद्धान्तिक बेरुजु

१०३.२ भत्ता वितरण : यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन।कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरु बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

१०३.३ **सामाजिक सुरक्षा बाँकी :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ४ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। प्रथम त्रैमासिकको लाभग्राहीलाई वितरण गरेको प्रमाण (रिभर्स फिड) लेखापरीक्षणको क्रममा पेश भएको छैन। लेखापरीक्षणको क्रममा प्रथम त्रैमासिकको बैँकहरुबाट वितरण गरेको पत्र र अन्य तिन त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरणको (Reverse Feed) परिक्षण गर्दा निकासा भएको रकममध्ये निम्नानुसार रकम वितरण नगरी बैङ्कमा बाँकी रहेको देखिन्छ। पालिकाले एकमुष्ट रू १९६४९९५ रकम लेखापरीक्षणको क्रममा फिर्ता गरेको छ। फिर्ता रकममध्ये कति रकम वितरण नभई फिर्ता गरेको र कति रकम निस्कृय खाताको हो भन्ने यकिन नभएकोले सो सम्बन्धमा पालिकाले यकिन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई चुस्त दुरुस्त बनाउनु पर्दछ।

वडा नं	निकासा रकम	वितरण रकम	बाँकी रकम	बैंक
१	१४१८२५७९	१४०८६६३९	९५९४०	सानिमा
२	११३०९४८८	१०५३३१८६	७७६३०२	प्राइम
३	१०९०३१२४	१०८४७१४४	५५९८०	सानिमा
४	१५४७०२७५	१५३२१२११	१४९०६४	हिमालयन
५	११५०४७११	११४८६५४६	१८१६५	कृषि
६	१०६२९९२५	१००३६०७६	५९३८४९	प्राइम
७	१३०७६५९६	१३०४२८९६	३३७००	प्राइम
जम्मा	**८७०७६६९८**	**८५३५३६९८**	**१७२३०००**	

सैद्धान्तिक बेरुजु

१०३ **रिभर्स फिड प्राप्त नभएको** : पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि सानिमा बैंक, प्राइम बैंक, हिमालयन बैंक र कृषि विकास बैंकलाई प्रथम त्रैमासिक भत्ता वितरणको लागी रू २०९२३६३४। निकाशा गरिएकोमा सम्बन्धित व्यक्तिको खातामा गएको रकम खुल्ने विवरण लेखापरीक्षणको क्रममा MIS मा फिर्ता (Reverse Feed) नगरेकोले वास्तविक वितरण भएको रकम र बाँकी रकम कति रहेको छ भनि यकिन गर्न सकिएको छैन। पालिकाले बैंकबाट सोको विवरण लिई यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०३ **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन।

सैद्धान्तिक बेरुजु

१०३ अद्यावधिक गर्नेः सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी कार्तिक मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक बडा कार्यलयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लागत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो।

निस्कृय खाताः सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन। निष्कृय खाताको विवरण राख्ने व्यवस्था गरिनु पर्दछ।

भत्ता वितरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन। कानून तथा कार्यविधिको पालना गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०३ **एम आई एस प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१०३ **अनुगमन तथा सुपरिवेक्ष**णः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

सैद्धान्तिक बेरुजु

१०३ **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत

सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छ:

Installment	Ward Number	Member Name	Citizenship Number	Deposited Amount
2	4	Chandra Bahadur Darji	3441656	7980
2	4	Dambar Kumari Darji	3441656	7980
2	5	Dambar Kumar Shreshtha	1251748	12000
2	5	Dilli Bahadur Magar	1251748	12000
2	5	Dhanmaya Purbachhane	8342478	12000
2	5	Shreebahadur Mukhiya	8342478	12000
2	5	Mangala Ghimire	110	7980
2	5	Kaushila Ale	110	7980
2	6	Devi Prasad Adhikari	1521067	12000
2	6	Hiralal Poudel	1521067	12000
2	6	Khambasingh Thapa	419।221	12000
2	6	Nar Bahadur Gurung	419।221	12000

सैद्धान्तिक बेरुजु

१०४**सार्वजनिक परीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०५**सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था

छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

१०६सम्परीक्षण :

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.११८८२१००० मध्ये रु १२१४८०३४ नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट सम्परीक्षण भएको र लेखापरीक्षणको क्रममा रू ५४२३१५९३ सम्परीक्षणका लागि म्यानुअल पेश गरेको छ । पेश भएको मध्ये आर्थिक वर्ष २०७४।७५ र २०७६।७७ को निम्न बमोजिम रू **११३१०७१२** को सम्परीक्षण हुन मनासिव देखिएको र बाँकी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध भई आएमा सम्परीक्षण गरिनेछ। सम्परीक्षणको जानकारी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत नै पठाइने छ।

आर्थिक वर्ष	**बेरुजु दफा**	**सम्परीक्षणको छोटकरी व्यहोरा**	**सम्परीक्षण भएको रकम**
०७४।०७५	२३.६	कुल बहादुर थेगिम बहाल कर प्रमाण पेश	६००
०७४।०७५	२३.६	केदारमान पौडेल बहाल कर	३६००
०७४।०७५	११	लक्ष्मीमाया गुरुण महिला सदस्य	६६०००
०७४।०७५	२५	लक्ष्मीमाया गुरुण महिला सदस्य	२९७००
०७६।०७७	२०	टिकाराम रिजाल चालक भत्ता	३३२५०
०७६।०७७	१७	लक्ष्मी माया गुरुङ्ग पदाधिकारी सुविधा	११८८०
०७६।०७७	२७	आदिवासी जनजाति भवन निर्माण उ.स.	६३१६४
०७६।०७७	१२	जानकी मा.वि.बहाल कर	१०००
०७६।०७७	२७	दलित समन्वय समिति पाइप खरिद	१५७३५
०७६।०७७	६	करार कर्मचारी	२३७५४५२
०७६।०७७	७	कर्मचारी प्रोत्साहन भत्ता	३८५६३२
०७६।०७७	२२	नागरिक भत्ता वितरण	१२५४०००
०७६।०७७	२९	पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च	८०८३४९
०७६।०७७	४२	खर्च शिर्षक	६२६२३५०
		जम्मा	**११३१०७१२**

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **फाकफोकथुम गाउँपालिका, इलाम** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	११८८२१०००	२३४५८७४६	२५१०५३३९.९९	०	१२०४६७५९३.९९

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : फाकफोकथुम गाउँपालिका, इलाम , फाकफोकथुम गाउँपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिल कुमार लिम्बु	२०७९-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	तिल विक्रम लिम्बु	२०७९-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१३,२२८,९३३.९९	६,२९४,०३१	४,२६४,३७५	०	०	१,३१८,०००
				जम्मा बेरुजु रकम	२५,१०५,३३९.९९
				लेखापरीक्षणको क्रममा असुली रु	४५,७५३,९५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४६२६७२०३.९४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३८७३०८५००	चालु खर्च	३९३०७१४६४.४६
प्रदेश सरकारबाट अनुदान	१९२७३०००	पूँजीगत खर्च	११५६०१२७०.१८
राजश्व बाँडफाँट	६९४२१६०५.८४	वित्तीय/अन्य व्यवस्था	१४७२२३०२९.७
आन्तरिक आय	५८७२३३९.९८		
अन्य आय	१३०१०००३४		
कुल आय	६११९७५४७९.८२	कुल खर्च	६५५८९५७६४.३४
बाँकी मौज्दात		२३४६९१९.४२	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	कृषि तथा पशु विकास कार्यक्रम	कृषि तथा पशुतर्फ
२	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
३	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
४	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
५	शिक्षा तर्फ	शिक्षा तर्फ
६	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
७	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
८	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
९	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
११	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
१२	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
१३	सहकारी तर्फ	सहकारी संस्थाको सञ्चालन र नियमन प्रभावकारी नहुन सक्ने ।

बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकीकृत आर्थिक विवरण 207९/८०							
आयतर्फ				व्ययतर्फ			
सि.नं	विवरण	रकम	रकम	सि.नं	विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४६२६७२०३.९४	१	चालु खर्च		३९३०७१४६४.४६
	क) नगद	०					
	ख) बैंक	४६२६७२०३.९४		२	पूँजीगत खर्च		११५६०१२७०.१८
२	राजस्व (आन्तरिक आय)		७९६३५६६३.३१	३	वित्तिय व्यवस्था भुक्तानी		०
	क) आन्तरिक राजस्व	५८७२३३९.९८			क) ऋण भुक्तानी		
	ख) राजस्व बाँडफाँड	६९४२१६०५.८४			ख) ब्याज भुक्तानी		
	ग) अन्य आय	४३४१७१७.४९			ग) अन्य भुक्तानी		
३	वित्तिय हस्तान्तरण संघ		३८७३०८५००.	४	लगानी		
	क) वित्तिय समानीकरण अनुदान	९९८०७५००.			ऋण लगानी		
	ख) सशर्त अनुदान	२८३५०१०००.			शेयर लगानी		
	ग) समपूरक अनुदान	४००००००.			अन्य लगानी		
	घ) विशेष अनुदान						
				५	धरौटी खर्च		१२३४०७३.
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		१९२७३०००.		फिर्ता		
	क) वित्तिय समानीकरण अनुदान	५०८९०००.			सदरस्याहा		

	ख) सशर्त अनुदान	४१८४०००.					
	ग) समपूरक अनुदान	१००००००००.		६	अन्तर सरकारी अख्तियारी		११३१३३१९९.२१
	घ) विशेष अनुदान				क) सामाजिक सुरक्षा	८६८७५१९९.२१	
					ख) राष्ट्रपति महिला उत्थान कार्यक्रम	२५८०००.	
५	अन्तर स्थानीय तहबाट प्राप्त		०		ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६००००००.	
६	अन्तर सरकारी अख्तियारी		११३१३३१९९.२१	७	अन्य कोषको खर्च		३२८५५७५७.४९
	क सामाजिक सुरक्षा	८६८७५१९९.२१			क) कार्य संचालन कोष (विविध खर्च)	३१७८४९२०.४९	
	ख) गरिवसँग विश्वेश्वर कार्यक्रम	२५८०००.			ख) प्रकोप व्यवस्थापन कोष	१०७०८३७.	
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२६००००००.					
				८	मौज्दात		२३४६९१९.४२
६	अन्य		१००००००.		संचित कोष	७०७७७७.६१	
	क) सडक बोर्ड नेपाल	१००००००.			धरौटी	१५७९३८७.८१	
					कार्य संचालन कोष	४०५.	
७	धरौटी		१३५२४८४.८१		प्रकोप व्यवस्थापन कोष	५९३४९.	
	धरौटी आय	१३५२४८४.८१					

८	विभिन्न कोषतर्फको आय		४८६४४२.५				
	क प्रकोप ब्यबस्थापन कोष	०					
	ख बिबिध खर्च खाता	४८६४४२.५					
९	दाखिला बाँकी दायित्व		९७८६१८९.९९				
जम्मा			६५८२४२६८३.७६	जम्मा			६५८२४२६८३.७६

बेरूजु दफा ३.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.	कैफियत
स्थानीय तह सञ्चित कोष खाता	७०७७७७।६१	७३५।३८	७०७०४२।२३	बैंक घटी
चालु खर्च खाता	०।००	६३९९८९।४३	६३९९८९।४३	बैंक बढी
पुँजीगत खर्च खाता	०।००	५५४६३२।८०	५५४६३२।८०	बैंक बढी
विविध खर्च खाता	४०५	४०५	०।००	
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५९३४९	१०७५३४९	१०१६०००	बैंक बढी
स्थानीय विभाज्य कोष	०।००	०।००	०।००	
कर्मचारी कल्याण कोष खाता	०।००	०।००	०।००	
धरौटी	१५७९३८७।८१	६३३८७।८१	१५१६०००	बैंक घटी
ग१.१, आन्तरिक राजस्व खाता	०।००	०।००	०।००	
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०।००	०।००	०।००	
बैङ्क				
जम्मा			१२४२०	बैंक घटी

बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -५

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता गरेको रकम
संघीय सरकार	शसर्त	२८३५०१०००	२४०६५५१५१।२१	४२८४५८४८।७९
	विषेश	०	०	०
	समपुरक	४००००००	४००००००	०
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त चालु	४१८४०००	४०८२८५२।५०	१०११४७।५०
	विशेष	०	०	०
	शसर्त पुँजिगत	०	०	०
	समपुरक	१०००००००	७०७५६५७।८	२९२४३४२।२
	समानिकरण	०	०	०
जम्मा				**४५८७१३३८।४९**

बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -६

क्र सं	गो भौ/मिति	योजनाको नाम	माध्यम	२० से.मी मोटाई दिए पछिको खपत देखाएको सोलिङ्ग कार्यको परिमाण	१५ सेमी मोटाई दिएपछि खपत हुने सोलिङ्ग कार्यको परिमाण	बढी खपत देखाएको परिमाण	दर	रकम
१	५४।०८०।१। ११	मिश्र भञ्ज्याङ्ग देखि शिकारी भञ्ज्याङ्गसम्मको सडक स्तरोन्नती कार्य	उ.स	४८० घ.मी	३६० घ.मी	१२० घ.मी	३४९२।५०	४१९१००
२	१७७।०८०। २।२१	मनाङ्ग गाड हुँदै सरस्वती भञ्ज्याङ्ग स्कूलसम्मको सोलिङ्ग कार्य	उ.स	१७४ घ.मी	१३३.५० घ.मी	४०.५० घ.मी	३३०८।०८	१३३९७७
३	६४।०८०।१। २५	केदार सरको घर छेउ हुँदै अर्जुन खतिवडाको घर सम्म जोडिएको ठाउँसम्म वाटो सोलिङ्ग कार्य	उ.स	११६।८० घ.मी	८७.६० घ.मी	२९.२० घ.मी	३३०८।०८	९६५९६
४	६८।०८०।१। ३१	कोल्वोटे सप्तमी ढुङ्गाना गाउँसम्मको सडक स्तरोन्नती कार्य	उ.स	१५५ घ.मी	११६.२५ घ.मी	३८.७५ घ.मी	३४९२।२०	१३५३२३
५	१२३।०८०। २।२४	सिंहदेवी पदमार्ग वडा नं ३ निर्माण कार्य	उ.स	१४७ घ.मी	११०.२५ घ. मी	३६.७५ घ.मी	३८७८।४०	१४२५३१
६	१२२।०८०। २।२३	कोलवोटे सप्तिम ढुङ्गाना गाउँ सडक स्तरोन्नती कार्य	उ.स	९६ घ.मी	७२.३ घ मी	२३.७९ घ.मी	३४९२।२०	८२७६५

७	१२७।०८०।३।१२	लुम्दे खडकुदे हिले खोला झिल निर्माण कार्य	उ.स	९९।६२ घ.मी	६९.८४ घ मी	२७.७८ घ.मी	३८७८।४०	११५४९९
८		शिकारी भञ्ज्याङ्ग कोलवोटे राटमाटे आममचोक सडक निर्माण	निर्माण सेवा(सयपत्री निर्माण सेवा)	६८० घ.मी	५१० घ मी	१७० घ.मी	३३५०	५६९५००
९	१३४।०८०।३।१३ र ३।०८०।३।१३	आमचोक-रातमाटे, कनसिरीघाट, सापतिन पुच्छार हुँदै दोकान डाँडा जाने वाटो स्तरोन्नती कार्य	निर्माण सेवा(भिक्टर्स कन्स्ट्रक्सन)	२०८० घ मी	१५६० घ मी	५२० घ मी	२०००	१०४००००
१०	२२४।०८०।३।२४	फुएतप्पा ठाडो वाटो नाली व्यवस्थापन तथा स्तरोन्नती कार्य	उ.स	४५२.६४ घ मी	३३५.८८	११६.७८	३४९२.२०	४०७७४९
११	२३५।०८०।३।२४	फुएतप्पा सल्लेरी सडक खन्ने तथा सोलिङ्ग कार्य	उ.स	१६३.८०	१२२.८५ घ मी	४०.९५ घ मी	३४९२.२०	१४३००६
१२	२३६।०८०।३।२४	फुस्ने मिश्र भञ्ज्याङ्ग पोखरी सडक स्तरोन्नती कार्य	उ.स	३६०.०८ घ मी	२७० घ मी	९०.०८ घ मी	३४९२.२०	३१४५७७
१३	२।०८०।३।२४	नाती घुम्ती पिपलवोट सडक वडा नं ३ (सडकवोर्ड)	उ.स	३६६.५४ घ मी	२९३.३६ घ मी	७३.१८ घ मी	३४५७	२५२९८३
जम्मा								**३८५३६०६**

बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -७

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २३ जना	जम्मा
१	बैठक भत्ता	२८०००	२५०००	१७३०००	१३८०००	८४००००	**१२०४०००**
२	यातायात खर्च			१४४०००	१८००००	५७६०००	**९००००००**
३	टेलिफोन,मोबाइल	३६०००	३६०००	१६८०००	१०८०००	२८८०००	**६३६०००**
४	पुस्तक,पत्रीका, ईन्टरनेट	२४०००	२४०००	८४०००	७२०००	२८८०००	**४९२०००**
५	अतिथि सत्कार	१०८०००	६००००	३३६०००	१४४०००	४३२०००	**१०८००००**
६	खानेपानी/बिजुली/ सरसफाई	३००००	३००००	८४०००	३६०००	१४४०००	**३२४०००**
७	सरसफाई	३००००	३००००	८४०००	७२०००		**२१६०००**
८	चाडपर्व खर्च	१००००	१००००	७००००	६००००	२४००००	**३९००००**
९	खाजा	६००००	६००००	२५२०००	१०८०००	४३२०००	**९१२०००**
१०	अनुगमन	१२००००	१२००००	३३६०००	१४४०००		**७२००००**
जम्मा		**४४६०००**	**३९५०००**	**१७३१०००**	**१०६२०००**	**३२४००००**	**६८७४०००**

बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -८

गो.भौ.नं/मिति	फर्मको नाम	बिजक नं./मिति	विवरण	रकम
१४३/०८०-३-१६	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९०/०८०-२-३०	Ammeterलगायतका २० प्रकारका सामाग्री	२५१८२
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९१/०८०-२-३०	Binocular-durpin लगायतका २० प्रकारका सामाग्री	२७७३०
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९२/०८०-२-३०	Corks mixed लगायतका २०प्रकारका सामाग्री	३१२३६
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९३/०८०-२-३०	Glass rod लगायतका २०प्रकारका सामाग्री	२९९६०
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९५/०८०-२-३०	Microscope Digital लगायतका २० प्रकारका सामाग्री	३५६९६
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९६/०८०-२-३०	Petridish – glass लगायतका २० प्रकारका सामाग्री	२२३५०
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९७/०८०-२-३०	Rain gauge लगायतका २०प्रकारका सामाग्री	२६६६२
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९८/०८०-२-३०	Skull Model लगायतका २० प्रकारका सामाग्री	३३५६३
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	७९९/०८०-२-३०	Wax tray लगायतका २० प्रकारका सामाग्री	२५९०१
"	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	८००/०८०-२-३०	Glycerol लगायतका २० प्रकारका सामाग्री	२१३७९

“	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	८०१/०८०-२-३०	Lab table complete set लगायतका १८ प्रकारका सामाग्री	२९४३५३
“	एडभान्स साइन्टिफिक ट्रेडर्स दमक,झापा	११४२/०८०-३-१३	Sono meter लगायतका २३ प्रकारका सामाग्री	७९०९८
जम्मा				**६५३११०**

बेरूजु दफा ८९ सँग सम्बन्धित विवरण - अनुसूची -९

क्र सं	विद्यालयको नाम	दरबन्दी				पदपुर्ती				विद्यार्थी संख्या
		स्थायी	राहत	करार	निजी स्रोत	स्थायी	राहत	करार	निजी स्रोत	
१	कालिकादेवी आ वि ३	२	१	१	०	०	०	०	०	३८
२	किराँतेश्वर आ वि ७	२	१	०	०	०	०	०	०	३४
३	खाम्बाङ्ग मा वि १	४	६	०	०	०	०	०	०	१०५
४	गुरुउदय आ वि ७	०	१	२	०	०	०	०	०	५२
५	चुहानडाडाँ आ वि २	२	१	०	०	०	०	०	०	३५
६	छायाँदेवी मा वि १	६	२	२	०	०	०	०	०	१४९
७	जन आ वि ७	३	०	०	०	०	०	०	०	४०
८	जनकल्याण मा.वि. ७	३	६	३	०	०	०	०	०	१९१
९	जनज्योति आ.वि. १	१	०	०	०	०	०	०	०	९
१०	जनज्योति आ.वि. ४	२	०	०	०	०	०	०	०	१८
११	जनसिद्ध आ.वि. १	२	०	०	०	०	०	०	०	२२
१२	जलकन्या आ.वि. ४	२	०	०	०	०	०	०	०	२७
१३	जलकन्या आ.वि. ५	२	१	१	०	०	०	०	०	६७

१४	जानकी मा.वि. ६	६	४	०	०	०	०	०	०	१६७
१५	जालपा मा.वि. ५	७	७	०	०	०	०	०	०	२२४
१६	ज्योति आ.वि. १	३	४	०	०	०	०	०	०	६२
१७	तिल्पुङ्ग आ.वि. ६	२	१	०	०	०	०	०	०	६२
१८	थोकफेला आ.वि. ६	१	०	१	०	०	०	०	०	२५
१९	धार्नेखोप आ.वि. २	४	०	०	०	०	०	०	०	५४
२०	पञ्चकन्या आ.वि. ६	१	१	०	०	०	०	०	०	४१
२१	फलाँटे मा.वि. ६	३	६	२	०	०	०	०	०	१७४
२२	फाकफोक आ.वि. १	१	०	०	०	०	०	०	०	२३
२३	मदनज्योति आ.वि. ७	१	१	०	०	०	०	०	०	३५
२४	मनोकामना आ.वि. ६	२	१	०	०	०	०	०	०	९१
२५	मालिकादेवी आ.वि. ३	२	१	०	०	०	०	०	०	२४
२६	मित्तोक आ.वि. ७	१	१	०	०	०	०	०	०	७
२७	राष्ट्रिय मा.वि. २	८	७	०	०	०	०	०	०	१८०
२८	लक्ष्मिदेवी आ.वि. ३	३	०	०	०	०	०	०	०	३८
२९	विजय आ.वि. १	४	३	०	०	०	०	०	०	९९

३०	विष्णु मा.वि. ४	८	६	१	०	०	०	०	०	१९९
३१	सरस्वती आ.वि. ४	२	०	१	०	०	०	०	०	२०
३२	सरस्वती भन्ज्याङ्ग आ.वि. ५	२	१	०	०	०	०	०	०	३७
३३	सल्लेरी आ.वि. ३	३	०	०	०	०	०	०	०	३२
३४	सिंहदेवी आ.वि. ४	३	०	०	०	०	०	०	०	३८
३५	सिंहदेवी आ.वि. ५	६	०	०	०	०	०	०	०	३४
३६	सिंहदेवी मा.वि. ३	१२	३	२	०	०	०	०	०	३४७
३७	सिंहदेवी मा.वि. ४	७	२	१	०	०	०	०	०	१७१
३८	सिंहदेवी मा.वि. ७	१३	२	१	०	०	०	०	०	३३२
३९	सिद्ध आ.वि. ४	२	०	१	०	०	०	०	०	४६
४०	सिद्धज्योति आ.वि. १	०	१	१	०	०	०	०	०	३५
४१	सुभद्रा आ.वि. २	४	०	०	०	०	०	०	०	६७
४२	श्री साङ्गे च्योमदान्दे छोइलिङ्ग गुम्बा	०	०	०	०	०	०	०	०	२८
जम्मा		**१४२**	**७१**	**२०**	**०**	**०**	**०**	**०**	**०**	**३४७९**